# विश्व नेपाली साहित्य महासङ्घ

**केन्द्रीय समितिको**

**विधान**

**सन् २०१०**

(साहित्य महासङ्घको प्रथम भेला १४ अगस्ट २०१० द्वारा पारित)

- अवधारणा-पत्र
- केही प्रश्न उत्तर
- घोषणा-पत्र
- विधान
- कार्यनीति तथा आचारसंहिता
- मतदानमा सहभागिताको ढाँचा तथा कार्यविधि

**Global Federation for Nepali Literature (GFNL)**

**www.gfnl.org**

Version 29

(नयाँ नियम अनुसार शुद्धाशुद्धि हेरिएको छ)

© gfnl@ymail.com

(महासङ्घ/संजाल स्थापनाको लागि तत्काल तयार पारिएको अवधारणा-पत्र, सूचना तथा प्रश्नोत्तर)

## विश्वभरका नेपाली स्रष्टा र सिर्जनालाई समेट्ने साझा संस्थाको आवश्यकता

## अवधारणा - पत्र

**विषय प्रवेश**

समयको गतिसँगै नेपाली साहित्य अघि बढ्दै जानेक्रममा अहिले कहाँसम्म पुग्यो र अब कता, कसरी जानु पर्छ भन्ने सवालमा चिन्तन गर्नुपर्ने बेला भएको छ । समकालीन विश्व साहित्यले फड्को मारिरहेको बेला नेपाली साहित्य भने परम्परागत तरिकाले जेनतेन मात्र धानिरहेको अवस्था छ । त्यसैले समयको परिवर्तनसँगै विश्वव्यापी नेपाली साहित्यको श्रीवृद्धिको निमित्त नयाँ सोचका साथ नयाँ कार्य गर्न जरुरी भएको छ ।

साहित्य समाजको दर्पण हो र प्रत्येक व्यक्ति, समुदायमा यसको महत्वपूर्ण भूमिका रहेको हुन्छ । व्यक्ति, समुदायको पहिचान, प्रतिष्ठा र अस्थित्वको साहित्यसँग प्रगाढ अन्तरसम्बन्ध रहेको हुन्छ । यसर्थ हाम्रो लागि साहित्य पनि अत्यन्तै महत्वपूर्ण पाटो हो ।

नेपालीपन, नेपाली संस्कार, संस्कृति, दुःखः, सुख र पीडा, वेदना, बोल्ने जुनसुकै भाषामा लेखिएको सिर्जना नेपाली साहित्य क्षेत्रभित्र पर्ने भएकोले नेपाली साहित्य जगत् विशाल र व्यापक छ । हाम्रो विशाल नेपाली साहित्यको विकास र विस्तारसँगै आ-आफ्नो ठाउँबाट सक्रिय हुनुपर्ने आवश्यकता झनै बढेको छ । पछिल्लो समयमा नेपालीहरू विश्वभर छरिएर रहेको अवस्थासँगै प्रविधि विकासको फ्यूजनले डायस्पोरामा रहेका स्रष्टासर्जकहरूको साहित्य क्षेत्रमा उपस्थिति उत्साहजनक छ भन्दा गलत नहोला । अझ यसलाई यसरी भनौं नेपाली साहित्यका विरुवाहरू विश्वभर टुसाएका छन् यसबेला स्याहार, सम्भार र संरक्षण गर्दै मलपानी लागाउनु पर्ने तड्कारो खाँचो छ । त्यसैले **साझा, पारदर्शिता, सहअस्थित्व र ऐक्यबद्धता** नाराको साथ विश्वव्यापी रूपमा साहित्यिक सन्जाल निर्माणमा हामी जुटेका छौ ।

अस्थित्वमा देखिएका विश्वका २ सय भन्दा बढि देशहरू मध्ये लगभग ९० प्रतिशत मुलुकहरूमा नेपाली मन र नेपाली मुटु बोकेर कोही न केही नेपालीहरू पुगेको अनुमान गर्न सकिन्छ । कुनै देशमा धेरैछन् कुनैदेशमा थोरैछन् । कुनै देशमा विभिन्न सङ्घसंस्थाहरू निर्माण भई सकेका छन् भने कतिपय देशमा निमार्ण हुने प्रकृयामा छन् । त्यस्तै गरि धेरै देशहरूमा साहित्यिक सङ्घसंस्थाहरू पनि स्थापना भई सञ्चालनमा रहेका छन् । विभिन्न देशको आ-आफ्नो विशिष्टता बाहेक प्रवासमा हुने पीडा, वेदना, दुःखः, दर्द सबैको उस्तै देखिन्छ र तिनै राम्रा नराम्रा अनुभव, अनुभूतिहरू खुराक बनेर नेपाली साहित्यको रूपमा निरन्तर आइरहेको अवस्था छ । यिनै निरन्तर साहित्यिक सिर्जनाहरूबाटै अझ राम्रो साहित्यको आस गर्न सकिन्छ । त्यसैले यो अत्यन्तै सुनौलो अवसर पनि हो । यसलाई हामी तमाम स्रष्टा, सर्जक तथा शुभचिन्तकहरूले आत्मसाथ गर्नुपर्ने बेला भएको छ ।

नेपाली साहित्य सेवाको निमित्त भनेर विश्वमा अनगिन्ति सङ्घसंस्थाहरू सञ्चालनमा रहेका छन् । ती सबै संस्थाहरूको आ-आफ्नो ठाउँमा अस्थित्व र उच्च महत्व अवश्य रहेको छ । ती संस्थाहरूको योगदानबारे भोलि इतिहासको पानामा सुनौलो अक्षरले अवश्य लेखिने छ । अझ प्रवासमा अरू देशका नागरिकहरूबाट हुने अपमान, अन्याय र शोषणको बाबजुद पनि गाँस काटेर साहित्य क्षेत्रमा तन, मन र धन खर्च गर्ने स्रष्टाहरूको अवस्था जान्दा जो कसैको आँखा रसाउँछ तर नेपाली साहित्यको केन्द्रमा रहनेहरूलाई उक्त समस्याहरूको बारेमा अनविज्ञ हुनु आफैमा एउटा बिडम्बना हो । त्यसैले सशक्त र स्पष्ट पहिचान बोक्नसक्ने साहित्यिक सन्जाल निर्माण गरेर घरदेश र परदेशका साहित्यिक समस्याहरूको विरुद्ध एकजुट भई लड्न आवश्यक भएकोले यो साहित्यिक सन्जालको अवधारण आएको हो ।

एकता नै बल हो भन्ने मान्यताको आधारमा विश्वभरका समस्त स्रष्टा तथा साहित्यिक सङ्घ, संस्थाहरूलाई एकै सन्जालमा समेटेर नेपाली साहित्यमा अरू धेरै विकास, विस्तार र प्रगति गर्न सकिन्छ भन्ने विश्वास लिंदै विभिन्न अनुभवहरूलाई समेटेर यसपटक सही सदुपयोग गर्ने जमर्को गरेका छौं । विभिन्न देशमा रहनु भएका धेरै स्रष्टा, सर्जकहरू र सङ्घ, सङ्गठनहरू सम्पर्कमा आउनु भएको छ र आउनेक्रम जारी छ । यथासम्भव सबै स्रष्टा, सबै संस्थाको सामूहिक प्रयत्नमा यो सन्जाल स्थापना हुँदैछ । यसर्थ तपाईं सबैलाई राम्रो कामको निमित्त सद्भाव, आशिष्, सल्लाह, सहमति, सहकार्य, सहयोग र संलग्नताको लागि आव्हान गर्दछौं ।

विश्वभरका नेपाली साहित्यलाई समेट्ने उद्देश्यले निर्माणधिन यो व्यापक सन्जाल निश्चय नै नयाँ सोच, नयाँ जोस हो र यस रचनात्मक कामको लागि नयाँ र नौलो कार्यक्रमहरूको पनि आवश्यकता पर्दछ । त्यसैले यस सन्जालको अवधारणाभित्र सबैलाई समेट्ने विशेषतः साझा भावना रहेको छ, र रहनेछ । यस्ता राम्रा कामका लागि सबैबाट सरसहयोग, सुझाव र सहभागिता हुनेमा हामी पूर्ण विश्वस्त छौं । यो साझा काम, साझा दायित्व पूरा गर्न हामी सबै आजैबाट जुटौं ।

प्रस्तावित नयाँ सन्जालको बारे छलफलको लागि आधारभूत रणनीति तथा तत्कालीन, नियमित र दीर्घकालीन कार्ययोजनाहरू प्रस्तावित रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

**हाम्रो मान्यता**

साझा, पारदर्शिता, सहअस्थित्व र ऐक्यबद्धता

**हाम्रो आधारभूत कार्यनीतिहरू**

१. देशदेशमा शाखाहरू बन्ने छन् साथै कुनै पनि देशमा सञ्चालन भइरहेको साहित्यिक संस्थालाई समेत साङ्केतिक शुल्क लिएर सम्बन्धन दिन सकिने छ ।
२. सम्पर्क वा मुख्य कार्यालय नेपालमा रहने छ । कारण - धेरैलाई र सधैंलाई सजिलो हुनेछ । कुनैपनि देशको बर्चश्व देखिने छैन । धेरै मुलुकमा रहेका नेपाली साहित्यका स्रष्टाहरु नेपाल प्रायः आउने जाने गर्ने भएकोले प्रभावकारी हुनेछ ।
३. यो संस्था नेपालमै विशिष्ट हैसियत हुने प्रकारले दर्ता गरिने छ । *गैर आवासीय नेपाली सम्बन्धी नियमावली २०६६, परिच्छेद ४, दफा १२ मा व्यवस्था भए अनुसार २५ मुलुकका कम्तीमा ५०*

*जनाले आवेदन दिई यस साहित्य महासङ्घको दर्ता गरिनेछ ।*

४. नेपाली साहित्यको लागि विदेशमा रहेका नेपालीहरू माझ सम्पर्कमा जानको लागि गैर आवासिय नेपाली सङ्घसँग सम्बन्ध नजिकको कायम गरिने छ । साहित्यको क्षेत्र भएकोले संङ्घ नपुगेको ठाँउमा पनि साहित्य महासंघ सजिलै पुग्ने भएकोले सङ्घलाई पनि सहयोग गरिनेछ

५. कामकाजको मुख्य भाषा नेपाली भाषा हुनेछ । कारण - सजिलो र आफ्नो माटोको भाषाको सम्मानार्थ तर विधान, आचारसंहिता, घोषणा-पत्र लगायतका महत्वपूर्ण दस्तावेजहरू नेपाली र अन्तर्राष्ट्रिय भाषा अङ्ग्रेजी, स्पेनिस, रसियन आदि भाषामा रहने छ ।

६. संस्थाको हिसाव किताब मुख्यगरी नेपालीमा र आवश्यकता अनुसार अङ्ग्रेजी लगायतमा देखाइने/राखिने छ ।

७. **संस्थापकः** भानु जयन्ती भेला वा कुनै समारोह वा कार्यक्रमको नाम रहनेछ । कारण - नेपाली भाषीय एकताको प्रतीकको रूपमा भानु जयन्ती स्थापित भइसकेकोले । भविष्यमा मिडियाले संस्थापकको रूपमा कसैको नाम उल्लेख गरेमा सम्बन्धित व्यक्तिले सम्बन्धित मिडिया र समितिमा प्रतिक्रिया वा स्पष्टीकरण लेख्नु पर्नेछ ।

८. केन्द्रीय समितिको कार्यावधि ३ वर्षको हुनेछ ।

९. नयाँ कार्य समिति निर्माण हुँदा अघिल्ला कार्यकारी पदाधिकारीहरू मध्येका एकचाहिँ अनिवार्य यथावत पदमा वा कार्यकारी पदाधिकारीकै रूपमा **सक्रिय अनुभवी सदस्य** (सअस) Early Committee Experties (ECE) रहने छ । यसको छनौट अघिल्लो कार्यकालमा सबैभन्दा धेरै काम गरेका व्यक्तिहरू मध्येबाट तोकिने छ । किन कि - टाढाटाढा रहेर काम गर्नुपर्ने भएकोले सबै नयाँ पदाधिकारीहरू मात्र रहँदा अलमलमा पर्न सक्छन् । त्यसैले यसको व्यवस्था गरिएको हो । यस पदको लागि अघिल्लो समिति वा निर्वाचन आयोगले तोक्नेछ ।

**सअसको काम, कर्तव्य र अधिकार**- समितिलाई सहयोग, सल्लाह दिँदै सतर्क गराउने । नैतिक अधिकार उपाध्यक्ष सरह हुनेछ तर समिति निरन्तर सञ्चालन भइरहेको अवस्थामा यो पद सक्रिय हुने छैन । एक वर्षभन्दा बढी समितिले कुनै काम नगरेको अवस्थालाई निष्क्रिय भएको मानिने छ । एक व्यक्तिले **सअस**को जिम्मेवारी दुई कार्यकालभन्दा बढी निरन्तर गर्ने छैन । यस पदाधिकारीको नामको पछाडि **सअस** वा **ECE** लेखेर जनाइने छ ।

१०. संस्थाको अध्यक्षले लगातार तेस्रो पटक जिम्मेवारी बहन गर्ने छैन तर अर्केको एक कार्यकालपछि पुनः अध्यक्ष हुन पाउने अधिकारलाई रोक लागेको मानिने छैन ।

११. केन्द्रीय समितिको मतदान वा चुनाउमा - **एक शाखा एक भोट गन्ने र आजीवन/संरक्षक सदस्यहरूको दश भोटलाई एक शाखा सरह मान्ने** । वा (एक शाखा, एकभोटको १०० अङ्क र सम्बद्धता संस्थाको एकभोटको ५० अङ्क हुनेछ भने एक आजीवन/संरक्षक सदस्यको एकभोटको १० अङ्क मान्यता हुनेछ) शाखा स्थापना भएको कम्तीमा ६ महिना र कम्तीमा दुईवटा सार्वजनिक कार्यक्रम गरेको हुनु पर्नेछ तब मात्र शाखा/सम्बद्धता प्राप्त संस्थाले भोट दिन पाउने छ । निर्वाचन आयोगले तोकेको मितिभित्र बनेका आजीवन/संरक्षक सदस्यले भने तत्कालै भोट दिन पाउने छन् ।

१२. सम्बन्धन प्राप्त संस्थाले पनि यस सन्जालको केन्द्रीय समितिको चुनावमा भोट दिन र पुरस्कार तथा सम्मानको लागि उपयुक्त व्यक्तिको नाम सिफारिस गर्न पाउने छ ।

१३. कम्तीमा १० वटा मुलुकमा रहेका नेपाली साहित्यका स्रष्टाहरूको संलग्नता रहेपछि मात्र सामूहिक रूपबाट यो संस्थाको स्थापना भएको घोषणा गरिने छ । यस सन्जाल स्थापना भएको घोषणासँगै विधान निर्माण समिति निर्माण गरी व्यापक र उपयुक्त विधान बनाई लागू गरिनेछ ।

१४. यो संस्था सामूहिक रूपबाट व्यापक आवश्यकता महसुस भएको कारण स्थापना भएको हो । यो कुनै पनि संस्थाको विरुद्धमा निर्माण भएको होइन । साहित्यिक जुनसुकै संस्थामा आबद्ध व्यक्ति यस सन्जालमा संलग्न हुन सक्नेछ ।

१५. हामी नेपाली र हामी नेपालीले बोल्ने सबै भाषा, साहित्य नै **नेपाली साहित्य** हुन् । त्यसैले **नेपाली साहित्य** र **नेपाली भाषा साहित्य** लगायतको श्रीबृद्धिको लागि यो **सन्जाल** काम गर्नेछ ।

## हाम्रो तत्कालीन र दीर्घकालीन कार्ययोजनाहरू

**तत्कालीनः**

१. हाम्रो सन्जालको वेभपेज तत्काल निर्माण गरि सञ्चालनमा ल्याउने जसले हामीलाई काम गर्न सूचना प्रभाव गर्न मद्दत पुग्नेछ ।

२. अत्याधुनिक प्रविधिमा समेत नेपाली साहित्य प्रवेश गरिसकेको परिप्रेक्ष्यमा प्रविधिलाई माध्याम बनाएर विभिन्न प्रकारको क्रियाकलाप तथा प्रतियोगिताको आयोजना गर्दै विश्वभरको स्रष्टाहरू माझ उपस्थिति दर्शाउदै सिधैं सम्पर्कको पुल निर्माण गरी सहयोगी र अभिभावकत्व प्रदान गर्ने ।

३. नेपाल प्रज्ञा प्रतिष्ठानसँग समन्वय गर्दै डायस्पोरामा फैलिँदै गएको नेपाली साहित्यको पहिचान र प्रतिष्ठाको लागि प्रज्ञा प्रतिष्ठानमा डायस्पोरा विभाग राख्न माग गर्ने ।

४. विभिन्न लेखकले विभिन्न भाषामा नेपाल तथा नेपाली संस्कार, संस्कृतिको बारेमा लेखेका लेख तथा पुस्तकहरूमा गल्ती कुराहरू बेग्रेल्ती पाइन्छन् । यसर्थ उनीहरूलाई सहयोगीको रूपबाट सुधार गर्न सल्लाह, सुझाव र दबाब दिन कम्तीमा ३ देखि ७ जनाको टास्कफोर्स तयार गर्ने ।

५. सन्जालको मातहतमा विभिन्न पुरस्कार, सम्मान तथा उत्कृष्ट पुस्तक छनौट गरी प्रदान गर्ने तुरुन्तै पहल थाल्ने । डायस्पोरा नेपाली साहित्यको लागि २ बटा पुरस्कार र २ बटा सम्मान साथै नेपालको लागि १ जनालाई पुरस्कार र १ जनालाई सम्मान प्रत्येक वर्ष प्रदान गर्ने ।

६. भाषाभाषी (मातृभाषा) साहित्य अर्न्तगत वर्षमा दुईवटा पुरस्कार प्रदानको लागि व्यवस्था गर्ने ।

७. समयानुकुल र स्थानअनुकूल बनाई एक कार्यकालमा एउटा विश्व नेपाली साहित्य सम्मेलन गर्ने ।

८. **"जहाँ नेपाली त्यहाँ सन्जाल भन्ने"** अभियान चलाई नेपाली रहेका प्रत्येक देशमा सन्जालको स्थापना गर्ने तथा त्यहाँ रहेका साहित्यिक संस्थासँग समन्वय गरी सम्बन्धन प्रदान गर्ने ।

९. **"साहित्य र सञ्चार, स्रष्टाको लागि स्रष्टाबाटै हेरचार"** कार्यक्रम अन्तगर्त कुनै पनि साहित्यकारको प्रगतिमा बधाई र दुःखद् घडीमा समवेदना दिने साथै बिरामी स्रष्टाको लागि सहयोगको कार्यक्रम ल्याउने ।

१०. आफ्नो पुस्तक वा सङ्ग्रह प्रकाशन गर्न चाहने तथा कुनै पनि कृति प्रकाशन गर्न चहानेलाई प्रोत्साहन, सल्लाह र सहयोग गर्ने ।

**नियमित**

१. यस सन्जालको नियमित गतिविधिहरूको अभिलेख राख्नको लागि त्रैमासिक/चौमासिक मुखपत्र प्रकाशन गर्ने साथै सन्जालको वेभपेजमा नियमित अपलोड गर्ने ।

२. अघिल्ला कार्य समितिले गरेका राम्रा कार्य योजनाहरूलाई निरन्तरता दिने ।

३. विभिन्न अवसरहरू - जन्मजयन्ती, साहित्यिक चार्डपर्वहरूमा नियमित तवरले साहित्यिक कार्यक्रमहरू गर्ने ।

४. यस सन्जालको आजीवन सदस्यता विस्तार गर्ने ।

५. विभिन्न माध्ययमबाट देशविदेशका स्रष्टा, सर्जकहरू सँग सम्पर्कमा रहने ।

**दीर्घकालीनः**

१४. घरदेशदेखि भौगोलिक दुरीमा रहेका कारण तथा अज्ञानताको कारण विदेशमा रहेका कतिपय नेपालीहरूले आफ्ना बालबालिकालाई नेपाली तथा मातृभाषा सिकाउने नगरेको अवस्था पनि छ । यसर्थ उनीहरूलाई नेपाली भाषा तथा मातृभाषा, कला, संस्कार र संस्कृतिको बारेमा सचेतना दिनको निम्ति विभिन्न क्रियाकलापहरू गर्ने ।

१५. नेपाली साहित्यलाई विभिन्न अन्य भाषामा अनुवाद गर्ने साथै दुई विशाल छिमेकी मुलुक चीन र भारतमा बोलिने भाषा, साहित्यसम्म न्यूनतम पहुँच राख्न प्रयत्न गर्ने ।

१६. डायस्पोरामा नेपालीहरुलाई जोड्ने र एकतामा बाध्ने मुख्य माध्याम नै भाषा हो भने हाम्रो भाषिक एकताको प्रतीक मध्ये एक आदिकवि भानुभक्त हुन् र उनको भग्नावशेष जन्मस्थलको पुर्ननिर्माण तथा संरक्षण गरी साहित्यिक पर्यटक स्थलको रूपमा विकास गर्न सरकारलाई सुझाव, सहयोगसहित दबाब दिने ।

१७. प्रवासी नेपाली साहित्यलाई पनि नेपालको विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्न नेपाल सरकारको सम्बन्धित विभागमा सुझाव तथा दबाब दिने ।

१८. प्रवासी नेपाली साहित्य, सिर्जना र स्रष्टा अर्थात समग्र नेपाली डायस्पोरिक साहित्यको सम्वन्धमा स्नाकोत्तर तह (Master's Level) र विद्यावारिधि तह (Ph. D.) का अनुसन्धानकर्ताहरूलाई वा कुनैपनि खोजकर्तालाई प्रोत्साहनको लागि यथासम्भव विभिन्न सहयोग गर्ने साथै खोजकर्तालाई हाम्रो सन्जालको तर्फबाट सम्मान तथा कदर-पत्र प्रदान गर्ने ।

१९. विभिन्न देशमा काम गर्ने स्रष्टाहरू नेपाल आएको अवसरमा हाम्रा प्रतिनिधिहरूले वहाँहरूसँग नियमित दुःख, सुख र साहित्यिक अवस्था एकआपसमा बाड्न स्रष्टा संवाद नामको कार्यक्रम सञ्चालन गरिने छ ।

२०. प्रवासमा रहेर प्रकाशन भएका/गरेका कृतिको कम्तीमा एकदुई प्रति जम्मा गरेर नेपाली डायस्पोरिक साहित्यको निम्ति अध्ययन तथा आदानप्रदानमा मद्दत पुगोस् भन्ने उद्देश्यले पुस्तकालयको व्यवस्था गर्ने ।

**प्रस्तावित नाम**

१. विश्व नेपाली साहित्य महासङ्घ,
जम्मा १३ वटा प्रस्तावित नाम मध्ये छनौट गरिएको हो ।

**प्रस्तावित वेभ साइटको नाम**

१. www.nepaliliterature.org
२. www.gfnl.org
जम्मा ५ वटा प्रस्तावित डोमेन नेममध्ये छनौट गरिएको हो ।

नेपालीहरू विश्वव्यापी रूपमा ठूलो सङ्ख्यामा फैलिँदै जानु, समयको परिवर्तनसँगै प्रविधिको तीव्र विकास हुदै जानुले यो विश्वव्यापी सन्जालको अवधारणा आएको हो र स्थापनाको लागि सम्भावना बनेको हो । यो कार्यको थालनी झण्डै ढिलो सुरु भएको पनि अनुभूति हुदैछ । त्यसैले समय र अवसरले हामीलाई पर्खँदैन भन्ने कुरालाई आत्मासाथ गर्दै धमाधम सन्जाल निर्माणको कार्यमा जुटेका छौ ।

विश्वभर छरिएर रहनु भएका सम्पूर्ण साहित्यकार, शुभचिन्तकहरूको सामूहिक सक्रियता, सद्भाव तथा शुभआर्शीवादबाट सामूहिक हितको निमित्त यस सन्जालको स्थापना र सञ्चालन हुनेमा हामी आस र विश्वास गरौँ । यो हामी सबैको साझा दायित्व हो र प्रत्येक व्यक्तिको कर्तव्य हो यसर्थ आफ्नो स्थानबाट यथासम्भव सहयोग र सहभागिताको लागि आजैबाट सुरु गरौँ ।

- जय नेपाली साहित्य ॥

## केही प्रश्न उत्तर

**१. किन यो सन्जाल (महासङ्घ) को अवधारणा आएको हो ?**

हामी सबै नेपालीहरूको प्रतिष्ठाको लागि सामूहिक सक्रियता र सहभागिता चाहिन्छ भन्ने मान्यताले यो सन्जालको अवधारणा आएको हो । विश्वभर धेरै साहित्यिक सङ्घसंस्थाहरू रहेका छन् ती सबै साहित्यिक सङ्घसंस्थाहरू बीच सम्पर्क तथा विचार, कार्यक्रमहरू आदानप्रदान गर्न साथै नेपाली साहित्य र साहित्यकारहरूको हकहितको निम्ति आपसमा काम गर्नको लागि यो सन्जालको स्थापना हुन लागेको हो । समग्रमा नेपाली साहित्यको श्रीवृद्धि र नेपाली प्रतिष्ठाको लागि यो अवधारणा आएको हो ।

**२. अन्तर्राष्ट्रिय स्तर सम्म पहुँच राख्ने केही साहित्यिक सङ्घसंस्था हुँदाहुँदै पनि फेरी किन यस सन्जालको आवश्यकता पर्‍यो ?**

विश्वभर रहेका नेपाली साहित्य, साहित्यकार र साहित्यिक सङ्घसंस्थाहरूलाई समेटौं भन्ने उद्देश्यले व्यापक रूपबाट कुनै पनि संस्था यसअघि स्थापना भएका छैनन् । सुरुमा कुनै एक ठाउँबाट सुरु भई त्यसैलाई व्यापकता दिइएको केही संस्थाहरू छन तर त्यस्ता संस्थाहरू सबैको लागि रुचीको घर हुन सक्दैन । हामी केहीसमय सुखद भ्रममा पनि रह्यौं र अझै केही रहेका छौं तर बुझ्दै गएपछि यो अनुभव सबैले गर्नेछन । संस्थाको स्थापना व्यक्तिले गर्ने होइन यो त सामूहिक प्रयत्नमा स्थापना हुनुपर्छ र सामूहिक रूपबाटै सञ्चालन हुनु पर्दछ । त्यसैको खातिर यो सन्जालको आवश्यकता भएको हो । नेपाली साहित्यको निमित्त गर्नुपर्ने बेग्रेल्ती कामहरू छन् तर त्यसतिर धेरैको चासो नभएको, चेतना नभएको कारण अब सधैं यसरी बस्न हुन्न भन्ने समयको माग छ । त्यसैले विश्वभरका विभिन्न मुलुकमा छरिएर रहेका साहित्यिक स्रष्टा सर्जक तथा शुभ चिन्तकहरू सबै उठौं, जुटौं भन्ने सोचका कारण पनि आवश्यकताको महसुस भएको हो ।

**३. अन्य साहित्यिक सङ्घ संस्थाहरूसँग यस निर्माणाधिन सन्जालको कस्तो सम्बन्ध रहन्छ ?**

देश विदेशमा रहेका सम्पूर्ण साहित्यिक संस्थाहरू हाम्रो मित्र शक्तिको रूपमा रहने छन् । सबैसँग सहकार्य र संवाद हुनेछ । विशेष गरी हाम्रो संस्थाले सन्जालगत सम्पर्क सेतुको काम गर्नेछ ।

**४. के यो सजाल विश्वभर छरिएर रहेका नेपाली साहित्यका सङ्घ, संस्थाहरूको छाता सङ्गठनको रूपमा स्थापना हुन लागेको हो ?**

हाम्रो यस सन्जालको प्रत्येक देशमा विधानसम्मत स्वतन्त्र शाखाहरू रहनेछन् । अन्य नामबाट सञ्चालनमा रहेका संस्थाहरूलाई पनि हाम्रो विधानसम्मत सम्बन्धन प्रदान गरिने छ । यसर्थ समष्टिमा यो संस्था धेरै साहित्यिक सङ्घ, संस्थाहरू मिलेर बनेको महासङ्घ हुनेछ । यो संस्था सबैको साझा संस्थाको रूपमा रहने छ र छाता सङ्गठनको सट्टामा साझा सङ्गठन नै भनिने छ । किन कि छाता सङ्गठनको अवधारण धेरै अभ्यासहरूमा असफल भइसकेको छ ।

**५. कस्तो व्यक्ति यस सन्जालको सदस्य बन्न सक्दछ ?**

नेपाली भावना, नेपालीपन, नेपाली माटो र नेपाली दुःख, सुख, पीडा, बेदनालाई जुनसुकै भाषा साहित्यको माध्याम (मातृभाषा लगायत) बाट अभिब्यक्त गर्न सक्ने सिर्जनशील व्यक्तिहरू यस सन्जालको सदस्य बन्न सक्दछ । यो खुल्ला संस्था भएकोले साहित्यप्रति झुकाव राख्ने जो कोही यसको सदस्य बन्न सक्नेछन् तर कम्तीमा एक कृति प्रकाशन गरेका स्रष्टालाई प्राथमिकता हुनेछ । जुनसुकै अन्य साहित्यिक सङ्घसंस्थामा आबद्ध व्यक्ति पनि यस सन्जालको सदस्य बन्न सक्नेछन् तर सन्जालको विधानमा तोकिएको काम, कर्तव्य तथा जिम्मेवारी पूरा गर्नुपर्नेछ ।

**६. यो साझा संस्था निर्माण/सहभागिताको लागि कसरी सहभागिता जनाउन सक्छु ?**

तपाईंले हामीलाई कुनै पनि माध्यामबाट सम्पर्क गर्नुहोस्, सजिलोको लागि हामीलाई इमेल गर्नुहोस् । आफ्नो राय, सुझाव दिनुहोस् र अरू नयाँ विचारहरू दिनुहोस् । तपाइँ रहेको ठाउँमा शाखा निर्माणको लागि तयारीमा जुट्नुहोस् । यो संस्था नेपालीहरू रहेको प्रत्येक देशमा ढिलोछिटो स्थापना हुने निश्चित छ र नेपाली साहित्यको विकास र विस्तारको लागि आजै आफूलाई सहभागी गराउनुहोस् ।

**७. यो संस्था सफल नै हुन्छ भन्ने आधारचाहिँ के छ ?**

यो सामूहिक आवश्यकताको महसुस भएपछि सुरु गरिएको संस्था हो र यसको स्थापनामा कम्तीमा १० भन्दा बढी मुलुकमा रहेका नेपाली स्रष्टाहरूको सहभागिता रहनेछ र यो सन्जाल समावेशी हुनेछ । हामी समग्रमा नेपाली साहित्य भन्ने छौं । यसभित्र नेपालमा बस्ने सबै जातजातिको भाषा साहित्यलाई समेत समेटिने छ । नेपाली (खस/पर्वते) भाषा साहित्य मुख्य सम्पर्कको माध्यम हुनेछ । केही अन्य संस्था अन्तर्राष्ट्रिय नेपाली साहित्यको कुरा गर्दछ भने यस नयाँ सन्जाल **विश्वभरका नेपाली साहित्य**को कुरा गर्दछ । अन्तर्राष्ट्रिय भन्नाले दुई वा त्योभन्दा बढी देश र सिमानालाई दर्शाउछ भने हाम्रो संस्था विश्वलाई एक देशको रूपमा हेर्दछ । प्रविधिको विकाससँगै यो सम्भव पनि छ । यिनै सिद्धान्तसहित पारदर्शी र लोकतान्त्रिक प्रणाली नै यसको सफलताको मुख्य कडी हुनेछ ।

**८. यो संस्था स्थापनाको प्रकृया कस्तो हुनेछ ?**

कम्तीमा १० वटा मुलुकमा रहेका नेपाली साहित्यका स्रष्टाहरूको संलग्नता र सद्भाव रहेपछि मात्र सामूहिक रूपबाट यो संस्थाको स्थापना भएको घोषणा गरिने छ। संस्थापकः भानु जयन्ती, भेला वा कुनै समारोह वा कार्यक्रमको नाम रहनेछ। यस सन्जाल स्थापना भएको घोषणासँगै विधान निर्माण संयोजक तोकेर वा समिति निर्माण गरी व्यापक र उपयुक्त विधान बनाई लागू गरिनेछ।

**९. किन सम्बन्धन ?**

१. विश्वव्यापी सन्जालमा प्रवेश गर्न। २. आफ्नो संस्था/समूहको काम विश्वभर पुऱ्याउन। ३. नेपाली साहित्यको काममा विश्वभरका नेपाली साहित्यकार तथा साहित्यिक सङ्घसंस्थाहरूसँग हातेमालो गर्न। ४. साहित्यिक संस्था वा व्यक्तिसँगको सम्पर्क र परिचयबाट प्राप्त हुने सहयोग लिन। ५. विश्वभरको साहित्यिक गतिविधिबारे जानकारी राख्न। ६. साहित्य महासङ्घको नेतृत्व गर्न वा छान्नको लागि भोट दिन। ७. जुनसुकै स्थान/मुलुकमा पुगे पनि साहित्य महासङ्घको परिवार भई साहित्यको काम गर्न। ८.संस्थालाई पहिचानयुक्त र थप मर्यादित बनाउन।

**१०. शाखा निर्माण गर्दा केन्द्रीय समिति वा केन्द्रीय पार्षद् पदाधिकारी तथा सदस्य शाखा समितिमा रहन सक्छ ?**

शाखा निर्माणको लागि यथासक्दो पहल गर्नुपर्नेछ तर शाखा समितिमा कुनै पनि केन्द्रीय पदाधिकारी तथा सदस्य बस्ने छैन तर विशेष अवस्थामा भने समितिमा बस्न सक्नेछ। उनीहरू सल्लाहकारको रूपमा रहने छन् तर अनिवार्यता हुने छैन। महासङ्घ निर्माण हुँदा नै कम्तीमा एकजना केन्द्रीय पार्षद्को लागि वा केन्द्रीय प्रतिनिधि चयन हुनेछ र उक्त व्यक्ति सोही शाखामा पनि रहनेछ।

**११. महासङ्घको शाखा निर्माणको प्रकृया कस्तो हुनेछ ?**

इच्छुक स्रष्टाहरूले हाम्रो केन्द्रीय निकायमा कुनै पनि माध्याम (इमेल/स्काइपी/फ्याक्स/फोन/चिट्ठि) बाट सम्पर्क गर्नुपर्नेछ र आवश्यक भएमा केन्द्रले सल्लाह निर्देशन प्रदान गर्नेछ। शाखा निर्माण भएपछि समितिको नामावली, सम्पर्क ठेगाना पठाउनु पर्नेछ। त्यसपछि मान्यता प्रदान गरेको पत्र केन्द्रले शाखालाई पठाउनेछ।

**१२. सम्बन्धन प्राप्त गर्नको लागि प्रकृया कस्तो हुनेछ ?**

सम्बन्धित संस्था समितिले सम्बन्धनको लागि महासङ्घ केन्द्रीय समितिलाई इमेल/पत्र लेख्नु पर्नेछ। संस्थाले के कति काम गरेको हो उक्त कुरा पनि दर्शाउनु पर्नेछ। त्यसपछि महासङ्घ केन्द्रीय सचिवालयले निर्णय गरी सम्बन्धन प्रदानको प्रमाण-पत्र प्रदान गर्नेछ।

**१३. सम्बन्धन प्राप्त संस्था भएको ठाउँमा के शाखा बन्न सक्छ ?**

यस महासङ्घको अवधारणा भनेको प्रत्येक ठाउँ र कुनाकुनामा नेपाली साहित्यको काम हुनुपर्छ भन्ने हो। सम्बन्धित ठाउँका स्रष्टाहरूलाई नै अनुकूलता हेरेर निणर्य गर्ने जिम्मा प्रदान गरिन्छ तर विधानत बन्देज मानिने छैन। यदि एकै ठाउँमा शाखा र सम्बन्धन प्राप्त संस्था भएको खण्डमा राष्ट्रिय समिति निर्माण गरी समन्वय गर्नुपर्नेछ। महासङ्घको शाखा रहेको ठाउँमा पनि सम्बन्धन लिन र दिन बन्देज हुनेछैन।

**१४. साहित्य महासङ्घमा आबद्ध व्यक्तिले दैनिक कार्य सञ्चालनमा सहयोग पुऱ्याउन के गर्नुपर्छ ?**

तपाईंसँग इमेल ठेगाना हुनुपर्नेछ। त्यसैगरी इमेल चलाउनेले स्काइपी ठेगाना अनिवार्य बनाउनु पर्नेछ किन कि महासङ्घको छलफल, बैठक, भेला आदि स्काइपी वा याहु म्यासेन्जर/ गुगल जिटकमा हुनेछ। आवश्यक परेमा टेलिकन्फिरेन्स पनि गरिने छ। त्यसैले कम्पियुटर ज्ञान भएमा सुनमा सुगन्ध हुनेछ। इन्टरनेटमा पहुँच नभएका वा प्रयोग नगर्नेको लागि फोन र हुलाकी चिठ्ठी मार्फत सम्पर्क गरिनेछ। यस महासङ्घको कार्यक्षेत्र विश्वव्यापी भएको र भौतिक स-शरीर एकै ठाउँ उपस्थिती हुन सक्ने अवसर थोरै हुने भएकाले अहिलेको सशक्त र प्रभावकारी माध्याम नयाँ प्रविधिलाई अधिकतम प्रयोग गर्नु नै एकमात्र उत्तम विकल्प हो। यसर्थ संसारभर रहनु भएका हाम्रा केन्द्रीय समिति सदस्य, परिषद् सदस्य, शाखाका पदाधिकारी, आजीवन/संरक्षक सदस्य लगायत सबैले नयाँ प्रविधि प्रयोग गर्नुपर्नेछ। आफ्नो फोन, इमेल, स्काइपी, फ्याक्स, नेपाल ठेगाना, कर्मभूमिको ठेगाना दिनुपर्नेछ र नियमित रूपबाट महासङ्घको वेवसाइटमा राखिएको सूचना हेर्नुपर्नेछ।

**१५. आजीवन, संरक्षक सदस्य तथा विशिष्ट संरक्षक सदस्य किन बन्ने ?**

व्यक्तिगत विद्वता र सम्पन्नताले मात्र हाम्रो उच्च प्रतिष्ठा प्राप्त नहुने भएकोले साहित्यको पाटोलाई पनि समृद्ध बनाउन आवश्यक हुन्छ भन्ने मान्यता राख्दै यो महासङ्घ स्थापना भई सञ्चालनमा रहेको छ। यो सामूहिक दायित्व हो, महासङ्घको प्रगतिमा सबैको प्रतिष्ठा रहने भएकोले प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्न सबैलाई आग्रह गर्दछौं। यथासम्भव विशिष्ट संरक्षक, संरक्षक सदस्य वा आजीवन सदस्य बनेर सहयोग गर्नुहुन महासङ्घ विनम्र अनुरोध गर्दछ। आजीवन सदस्यलाई प्रमाण-पत्र र संरक्षक तथा विशिष्ट संरक्षक सदस्यलाई केन्द्रीय समितिबाट ताम्रपत्र प्रदान गरिनेछ। सधैको लागि महासङ्घले अभिलेख राख्नेछ साथै महासङ्घको केन्द्रीय समितिको चुनावमा भोटदिन पाउने अधिकार सुरक्षित हुनेछ।

**१६. कुनकुन देशमा जन्मेकाले यस महासङ्घमा आबद्ध हुन सक्छ ?**

नेपाली भन्ने पहिचान बोकेका व्यक्ति, नेपालमा जन्मेका हुन् या अन्य मुलुकमा जन्मेका हुन् जोसँग भाषागत वा साहित्यगत अर्थात कुनै पनि नेपाली पहिचान भएका व्यक्ति यस महासङ्घको सदस्य तथा पदाधिकारी बन्न सक्नेछ। सम्भव भए अन्य देशका, अन्य साहित्यका स्रष्टाहरु समेत नेपाली

साहित्यसँग आफ्नो साहित्यको बारेमा जानकारी आदानप्रदान गर्न आउन सकोस् भन्ने अभिप्राय हो र विश्वभरकै नेपाली साहित्य र नेपाली साहित्यका सङ्घ, संस्थासँग सम्पर्कमा रहन कै लागि यो महासङ्घ स्थापना भएको हो ।

**सन्जाल निर्माणको लागि सहमति तथा सहभागितालाई (तत्कालीन) तयारी मुलुकहरू**

१. हङकङ, २. ब्रुनाई, ३. रसिया, ४. यु. ए. ई., ५. मलेसिया, ६. नेपाल, ७. भारत, ८. वेलायत, ९. अमेरिका, १०. कतार, ११. क्यानडा, १२. सिङ्गापुर, १३. थाइल्यान्ड, १४. सेसेल्स, १५, इजरायल, १६. जापान, १७. अफगानिस्तान, १८. पोर्चुगल  अन्य देशहरूबाट आउनेक्रम जारी ।

कृपया तपाइँको सुझाव, प्रतिक्रिया हामीलाई दिएर यो छलफलमा सहभागी बनेर सहयोग गर्नुहोस् । फेसबुकमा आएर निर्भिक रूपबाट आफ्नो स्वतन्त्र विचार र सोच राख्न आग्रह गर्दछौँ ।

® ताजा गतिविधिको लागि http://www.gfnl.org हेर्नु होला ।

**वेवसाइट, फेसबुकमा राखिएको तथा ५ हजार भन्दा बढि इमेलहरुमा पठाइएको निमन्त्रणा**

## हार्दिक निमन्त्रणा

विश्वभरका विभिन्न मुलुकमा रहनु भएका साहित्यिक स्रष्टा सर्जक तथा साहित्यिक संघसंस्थाहरुलाई सहयोग गर्ने उद्देश्यले सामूहिक कार्यको लागि सामूहिक सक्रियता एवं संलग्नताको मान्यता लिई कम्तीमा १० वटा वा त्यो भन्दा बढि मुलुकहरुबाट प्रतिनिधित्व हुने गरि यहि आउदो भानु जयन्तीको अवसरमा विश्वव्यापी साहित्यिक संजाल स्थापना भएको घोषणा हुदैछ ।

यस निर्माणधिन संस्थाको स्थापनाको लागि यहाको पनि महत्वपूर्ण सहभागिता, सद्भाव रहोस भन्ने अनुरोध गर्दै हार्दिक निमन्त्रणा गर्दछौ । जुनसुकै संस्थामा आवद्ध व्यक्ति पनि सहभागि हुन सक्नुहुनेछ । नाम के राख्ने, लोगो कस्तो बनाउने र विधान कस्तो बनाउने भन्ने सम्बन्धमा आफ्नो राय दिन अनुरोध छ ।

सम्पर्क gfnl@ymail.com, www.gfnl.org

- छलफल समुह

## सूचना    सूचना    सूचना

विश्वभर छरिएर रहेका साहित्यकार तथा नेपाली साहित्यिक सङ्घ, संस्था**हरू**लाई ध्यालमा राख्दै, साझा र पारदर्शिताको मान्यता राख्दै, नेपाली साहित्यको श्रीबृद्धिको लागि विश्वव्यापी नेपाली साहित्यको सशक्त सन्जाल निर्माण गर्न आवश्यक भएकोले उक्त सम्बन्धमा छलफल, विचार, विमर्श चलिरहेको छ । त्यसैले आफ्नो नयाँ सोचसहित विचारको आदानप्रदान कार्यक्रममा सहभागी हुन हार्दिक अनुरोध गरिन्छ ।

१. सबै देशमा रहेका साहित्यकारहरूले साझा अनुभूति गर्नेछन् ।
२. विशुद्ध साहित्यभन्दा बाहिरको राजनीति हुने छैन ।
३. नयाँ बन्ने सन्जालमा कुनै पनि देशको बर्चश्व हुने छैन ।
४. नातावाद ⁄ परिवारवाद हुने छैन ।
५. संस्थापक व्यक्ति विशेष नभई भानु जयन्ती, भेला वा कुनै समारोह वा कार्यक्रमको नाम रहनेछ । स्थापना भएको शुभ साइतको दिनमै केन्द्रीय तदर्थ समिति र यथासम्भव प्रत्येक देश र साहित्यिक संस्थाबाट प्रतिनिधित्व हुने गरि केन्द्रीय परिषद्को पनि निर्माण गरिने छ । केही देशमा शाखा निर्माण तथा सम्बद्धता प्राप्त भएको समेत घोषणा गरिनेछ ।
६. कम्तीमा १० वटा मुलुकमा रहेका नेपाली साहित्यका स्रष्टाहरूको संलग्नता रहेपछि मात्र सामूहिक रूपबाट यो संस्थाको स्थापना भएको घोषणा गरिने छ । यस सन्जाल स्थापना भएको घोषणासँगै विधान निर्माण समिति निर्माण गरी व्यापक र उपयुक्त विधान बनाई लागू गरिनेछ ।
७. यो संस्था सामूहिक प्रयासमा स्थापना हुनेछ । त्यसैले छलफलमा सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौँ ।

समस्त स्रष्टा सर्जक तथा शुभचिन्तकहरूलाई सम्पर्क गर्न अनुरोध गर्दछौँ ।

- **छलफल समूह**
  gfnl@ymail.com, Ph 00673 8893020

# घोषणा-पत्र

**नेपाली वाङ्मयप्रति समर्पित आदरणीय स्रष्टाहरू, प्राज्ञ वर्ग, नेपाली साहित्यलाई आ-आफ्नो ठाउँबाट योगदान पुऱ्याइरहनु भएका सम्पूर्ण साहित्यिक सङ्घसंस्था, शुभचिन्तक, अभिभावक, सञ्चारकर्मी र सम्पूर्ण साहित्यिक मनहरू**

सर्वप्रथम आज हामीले नेपाली भाषीहरूको एकताको प्रतीक भानुभक्तको जन्मजयन्तीको अवसरलाई शुभसाइत मानेर यहाँहरूसमक्ष उपस्थित भएका छौं । नेपाली साहित्यका विभूति आदिकवि भानुप्रति उच्च सम्मान व्यक्त गर्दै वहाँको ऐतिहासिक एवम् विशिष्ट योगदानलाई कदर गर्दै यहाँहरू सबैलाई न्यानो साहित्यिक अभिवादन टक्राउन चाहान्छौं ।

समयको परिवर्तन र प्रविधिको उच्चतम् विकाससँगै हामी नेपालीहरू विश्वभर छरिएको र छरिँदै गएको अवस्थालाई मध्यनजर राख्दै विश्वभरका सम्पूर्ण स्रष्टा, सर्जक तथा साहित्यिक सङ्घसंस्थालाई सहयोग गर्ने उद्देश्यले आज हाम्रो सामूहिक प्रयासबाट यो विश्वव्यापी साझा संस्था **विश्व नेपाली साहित्य महासङ्घ** स्थापना भएको घोषणा गर्दछौं ।

नेपाल, नेपाली राष्ट्र र नेपाली साहित्यको प्रचुर समृद्धिले मात्र हाम्रो पहिचान र प्रतिष्ठा प्राप्त हुने भएकोले यो नेपाली साहित्यको महत्व सबैलाई जगजाहेरै छ । **सामूहिक हितको लागि सामूहिक सक्रियता** भन्ने मान्यताको आधारमा (तत्काल घोषणाको दिन) आज विश्वका १८ मुलुकबाट सहभागि ४७ नेपाली साहित्यकारहरू र ३ बटा साहित्यिक सङ्घसंस्थाहरूको संयुक्त सहभागितामा यो महासङ्घ निर्माण भएको छ ।

**यस महासङ्घका उद्देश्यहरू यस प्रकार रहेका छन्:**

(क) विश्वभर नेपाली साहित्यको विस्तार, विकास, संवर्द्धन, प्रोत्साहन र हौसलाको लागि आवश्यक कामहरू गर्ने ।
(ख) साहित्यिक व्यक्तित्व तथा समस्त स्रष्टा-सर्जकहरूबीच आपसमा चिनजान, मित्रता, भातृत्व, सहिष्णुता, सद्भाव र सहयोगको अभिबृद्धि गर्दै सम्पर्क सेतुको काम गर्ने ।
(ग) देशविदेशमा रहेका विभिन्न नेपाली साहित्यिक सङ्घ, संस्थाहरूसँग समन्वय र सहकार्य गर्दै समउद्देश्य बोकेका संस्थाहरूसँग सम्बद्धता कायम गर्ने ।
(घ) साहित्यिक हक अधिकारको लागि कार्यरत रहने ।
(ङ) नेपाली परिचयलाई देशविदेशमा सम्मानित र उच्च पहिचानयुक्त बनाउन आवश्यक कार्य गर्ने ।
(च) प्रवासी नेपाली साहित्यको पहिचान र सम्मानको लागि गुणस्तर साहित्यमा जोड दिँदै सम्बन्धित निकायहरूमा आवाज र दबाब पुऱ्याउने ।
(छ) विश्वभरका विभिन्न मुलुकमा रहनु भएका नेपाली साहित्यकार, साहित्य, साहित्यिक गतिविघि र साहित्यिक सङ्घ- सङ्गठनको बारे जानकारी लिने, अभिलेख राख्ने, साहित्यिक समस्या तथा समाधानको लागि पहल/सहयोग गर्ने ।
(ज) विश्वभरका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाषा साहित्यका सङ्घ, सङ्गठन तथा साहित्यिक व्यक्तित्वहरूसँग यथासम्भव सम्पर्क र समन्वय गर्ने ।
(झ) नेपाली साहित्य (पर्वते, खस भाषा/नेपालीले बोल्ने सबै भाषा, मातृभाषा - नेपाली साहित्य क्षेत्र हुन्) को श्रीबृद्धिको लागि आवश्यक विभिन्न कार्यहरू गर्ने ।

यी माथिका उद्देश्यहरू हासिल गर्नको लागि व्यापक खोज र छलफलपछि संस्थाको नाम विश्व नेपाली साहित्य महासङ्घ छोटकरीमा विनेसाम र अङ्ग्रेजीमा Global Federation for Nepali Literature र छोटकरीमा GFNL राख्ने निर्णय भयो र यस महासङ्घलाई नेतृत्व दिन विश्व केन्द्रीय तदर्थ समिति अर्थात् विशेष समिति, केन्द्रीय परिषद् र सल्लाहकार निम्नअनुसार निर्माण गरिएको छ ।

| | |
|---|---|
| १. **संस्थापक:** | भानु जयन्ती २०६७ |
| २. **अध्यक्ष:** | डा. मधु माधुर्य (रसिया) |
| ३. **वरिष्ठ उपाध्यक्ष:** | गोविन्द गिरी प्रेरणा (अमेरिका) |
| ४. **उपाध्यक्ष:** | रमेश पौडेल (काठमाडौं) |
| ५. **उपाध्यक्ष:** | टङ्क सम्बाहाम्फे (हङकङ) |
| ६. **उपाध्यक्ष:** | वीरभद्र ढोली कार्की (सिक्किम, भारत) |
| ७. **उपाध्यक्ष:** | सुरेसजङ्ग शाह (वेलायत) |
| ८. **उपाध्यक्ष:** | तिलक मल्ल (जापान) |
| ९. **महा-सचिव :** | विश्वास दीप तिगेला (ब्रुनाई/वेलायत) |
| १०. **सचिव:** | इन्द्र नारथुङे (मलेसिया) |
| ११. **उप-सचिव:** | समदर्शि काँइला (युएई) |
| १२. **साहित्य सञ्चार संयोजक:** | प्रदिप थापा मगर (अमेरिका) |
| १३. **सङ्गठन सचिव:** | भोला शिवाकोटी पुरानोघरे (भुटान/अमेरिका) |
| १४. **आर्थिक सचिव:** | सुरेन्द्र इङनाम (वेलायत/ब्रुनाई) |
| १५. **आर्थिक सह-सचिव:** | शर्मिला खड्का, (काठमाडौं) |

**सदस्यहरू:**

| | |
|---|---|
| १६. | शिब प्रकाश (बोस्टन, अमेरिका) |
| १७. | हरी शिवाकोटी (क्यानडा) |
| १८. | जीवन देवान गाउँले (मलेसिया) |
| १९. | गणेश खड्का प्रतिक्षा (सेसेल्स) |
| २०. | उमा सुवेदी (इजरायल) |
| २१. | सन्तोष न्यौपाने (बेल्जियम) |
| २२. | देवेन्द्र सुर्केली (काठमाडौं) |
| २३. | साबित्रि काफ्ले (अस्ट्रेलिया) |
| २४. | केदार सुनुवार सङ्केत (अफगानिस्तान) |

२५. भिम के. सी. कमल (पोर्चुगल)
२६. वसन्तमोहन अधिकारी (युएइ)
२७. जितमान राई सविन (पेनाङ, मलेसिया)
२८. गोवर्द्धन पूजा (अमेरिका)
२९. तिर्थसङ्गम राई (कतार)
३०. गोविन्द देवकोटा (मस्को रसिया)

**केन्द्रीय परिषद् सदस्य**

१. श्याम रिमाल, नेपाल
२. वेदनिधि दाहाल (अमेरिका)
३. नीला अधिकारी, (वेलायत)
४. ऋषीप्रसाद लामिछाने (चितवन, नेपाल)
५. गणेश ठाडा (चीन)
६. केजिन राई (बेल्जियम)
७. दिनेश बस्नेत (नेपाल)
८. पुरु जोशी (द. कोरिया)
९. नम्रता गुरागाई (अमेरिका)
१०. हस्त गौतम मृदुल (टेक्सास, अमेरिका)
११. ध्रुव थापा (अमेरिका)
१२. बिनो लामा (मलेसिया)
३३. मोहन परदेशी (भारत)
१४. जयन्द्र घिसिङ (बहराइन)
१५. चन्द्र घर्तिमगर (चीन)
१६. गोविन्दप्रसाद गौतम (मस्को, रसिया)
१७. दीपदर्शन शाही (मलेसिया)
१८. मनु ठाडा मगर (वेलायत)
१९. गोविन्द गुरुङ (ब्रुनाई)
२०. प्रकाश राई (ब्रुनाई)
२१. शम्भुप्रसाद रिजाल (मस्को, रसिया)
२२. अमृत परियार (पोर्चुगल)
२३. सुरेन्द्र लिम्बू (लेबनान)
२४. भानु सुनुवार (कतार)
२५. नगेन्द्र इङनाम (न्यूयोर्क, अमेरिका)
२६. भक्त घिमिरे (भुटान/न्यूयोर्क)
२७. खगेन्द्र पंधाक, चुम (थाइल्यान्ड)

**सल्लाहकारहरू**

१. प्राज्ञ वैरागी काइला, कुलपति- नेपाल प्रज्ञा प्रतिष्ठान
२. अध्यक्ष - गैर आवासीय नेपाली सङ्घ, के. समिति
३. डा. गोविन्दराज भट्टराई
४. मुरारीराज शर्मा
५. कृष्णप्रकाश श्रेष्ठ
६. होमनाथ सुवेदी
७. विक्रम सुब्बा
८. डा. कविताराम श्रेष्ठ
९. ज्ञानेन्द्र गदाल, अध्यक्ष - अनेसास

**महासङ्घमा सम्बद्ध संस्थाहरू**

१. उदाउँदो तारा सहित्य समाज, पेनाङ, मलेसिया
२. अनलाइन नेपाली साहित्य मञ्च, ब्रुनाई/वेलायत
३. नेपाली साहित्य प्रतिष्ठान, हङकङ
४. सर्वदा वाङमय साहित्य प्रतिष्ठान, युएई
५. प्रवासी नेपाली साहित्य समाज, वेलायत/ब्रुनाई

**विधान निर्माण संयोजकः** विश्वास दीप तिगेला

प्रत्येक देश, शाखा, राष्ट्रिय समिति र सम्बन्धन प्राप्त संस्थाबाट कम्तीमा १ जना प्रतिनिधि केन्द्रीय पार्षद्मा ल्याउने व्यवस्था गरिएको छ । बाँकी देशहरूबाट योग्य र इच्छुक साहित्यकारलाई मनोनित गरिने छ ।

केन्द्रीय तदर्थ समिति र केन्द्रीय परिषद्लाई विशेष समिति पनि घोषणा गरिएको छ । यहाँहरूलाई अवगतै छ हाम्रो यस समितिमा विश्वभरका नेपाली साहित्यकारहरू सामेल छौं र हुँदैछौं । को कस्तो व्यक्ति, कुन स्थान र जिम्मेवारीको लागि सही हो भन्ने बुझ्न केही समय लाग्ने भएकोले अबको २ महिनाभित्र यथासम्भव बाँकी रहेका देश र संस्थाहरूबाट प्रतिनिधिहरू ल्याइने छ र केन्द्रीय समिति र परिषद्लाई पुनः मिलाइने छ । योग्यता भएका र पुगेकालाई इच्छा र अवसर अनुसार स्थान दिने कोसिस गर्नेछौँ ।

यो संस्थाको विधानसम्मत सहमत हुने र नहुने सबै हामी नेपालीहरूको साझा संस्था (महासङ्घ) हो । समग्रमा यी यावत कार्यहरू नेपाली साहित्यको श्रीबृद्धिको लागि हो । त्यसैले जुन कुराहरूले यस संस्थाको प्रगति र व्यापकतामा असर पुग्दछ, त्यस सवालमा यो संस्था जुनसुकै चुनौती मोलेर पनि त्यस्ता कार्यलाई निरुत्साहित गर्दछ । स्पष्ट राजनैतिक व्यक्तित्व निर्माण गर्नुभएका, राजनैतिक

सङ्गठनलाई नेतृत्व गर्नुभएका वा त्यस्ता प्रकारका व्यक्तित्वहरू रहँदा यस संस्थालाई असर पुग्दछ भने सम्मानका साथ हामी ठीक सामिप्यमा रहिदिन आग्रह गर्दछौं ।

यस महासङ्घको कार्यक्षेत्र, विस्तार र विकासमा अन्य सङ्घसंस्थाहरूको तुलनामा विशिष्टिता भएकोले केही नयाँ अभ्यास र व्यवस्था हुन स्वभाविक हो । विशेषत टाढाटाढा रहेर काम गर्न अप्ठ्यारो पर्ने भएकोले कार्य क्षमतालाई प्रभावकारी बनाउन सटिक, सन्तुलित एवम् पारदर्शी बनाउने प्रतिबद्धता गर्दछौं ।

महासङ्घ निर्माण गर्न साहित्यिक सङ्घसंस्था र साहित्यकारहरूबाट आएको उत्साह र सक्रियताले छोटो समयमै स्थापना भएको घोषणा गर्न पाउँदा हामीलाई गौरव लागेको छ जुन हाम्रो साहित्यमा खट्किएको बिषम आवश्यकता र सामूहिक भावनाले सम्भव भएको हो । स्थापना गर्नुभन्दा यसलाई सफलतापूर्वक सञ्चालन र निरन्तरता दिन निश्चय नै गाह्रो कुरा हो । सामूहिक कामको लागि सामूहिक सक्रियतामा स्थापित यस महासङ्घमा सम्पूर्ण साहित्यिक सङ्घसंस्था र उज्वल साहित्यिक भविष्य भएका स्रष्टाहरूको सहभागिता हुनेमा विश्वस्त छौं । अहिले संस्थाको विधान निर्माण, संस्थाको लोगो निर्माण र संस्थाको वेभपेज निर्माण सम्बन्धमा व्यापक छलफल चलिरहेको छ । यसर्थ सबैलाई छलफलमा सहभागी भइदिन आग्रह गर्दछौं ।

अन्तमा, विश्वलाई प्रविधिले एक गाउँको रूपमा परिणत गरिदिएको छ र यस गाउँवासी हामी सबै मिलेर नेपाली साहित्य (नेपाली खस भाषा साहित्य, मातृभाषा साहित्य) को उत्थान, प्रगति र संमृद्धिको लागि आपसमा हातेमालो गर्दै अघि बढौं भन्ने आब्हान गर्दै पुनः आज विश्व नेपाली साहित्य महासङ्घको स्थापना भएको अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

जय नेपाली साहित्य ।



**अध्यक्ष**
विश्व नेपाली साहित्य महासङ्घ
**केन्द्रीय** समिति, **केन्द्रीय** पार्षद्
www.gfnl.org
gfnl@ymail.com

**मितिः** २९ असार २०६७ तदनुसार १३ जुलाई २०१०, भानु जयन्ती

(साहित्य महासङ्घको प्रथम भेला १४ अगस्ट २०१० द्वारा पारित)

# विश्व नेपाली साहित्य महासङ्घ
## केन्द्रीय समितिको
## विधान
## सन् २०१०

**प्रस्तावनाः**

विश्वभरका विभिन्न मुलुक**हरू**मा छरिएर रहेका समस्त नेपाली साहित्यका स्रष्टा, सर्जकहरूलाई आपसमा चिनजान, सरसहयोगको वातावरण निर्माण तथा सद्भाव अभिबृद्धि गर्नको निम्ति, नेपाली साहित्यको विकास, विस्तार, सुधार र संवर्द्धन गर्नको लागि, साहित्यिक सङ्घसस्थाहरू बीच समन्वयकारी सन्जालको भूमिका निर्वाह गर्न, यो विशुद्ध साहित्यिक संस्थाको आवश्यकता महसुस भई स्थापना भएको हो । यस संस्थालाई प्रजातान्त्रिक प्रकृयाबाट साझा र पारदर्शि तवरले सञ्चालन गर्नको लागि यो **विश्व नेपाली साहित्य महासङ्घ केन्द्रीय** समितिको विधान सन् २०१० निर्माण गरी लागू गरिएको छ ।

परिच्छेद १
**प्रारम्भ**

**१. नाम, चिन्ह र प्रारम्भ**

(क) यस संस्थाको नाम “विश्व नेपाली साहित्य महासङ्घ” अङ्ग्रेजीमा Global Federation for Nepali Literature (GFNL) रहनेछ ।
(ख) यस संस्थाको चिन्ह, छाप, लेटरप्याड अनुसूचि १, २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ ।
(ग) यो विधान भेलाबाट पारित भएपछि लागू हुनेछ ।

**२. परिभाषा**
(विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो विधानमा)

(क) 'विधान' भन्नाले विश्व नेपाली साहित्य महासङ्घ केन्द्रीय समितिको विधान सन् २०१० बुझ्नु पर्दछ ।
(ख) 'महासङ्घ' भन्नाले "विश्व नेपाली साहित्य महासङ्घ" भन्ने बुझ्नु पर्दछ ।
(ग) 'समिति' भन्नाले एक भन्दाबढि देशहरूबाट नेपाली स्रष्टाहरूको सहभागितामा यस विधान बमोजिम निर्माण भएको महासङ्घको केन्द्रीय कार्य समिति भन्ने बुझिन्छ ।
(घ) 'नियम' भन्नाले महासङ्घको विधान अन्तर्गत बनेको नियम, उपनियम, विनियम, आदेश तथा आचार संहिता समेतलाई बुझाउँछ ।

### ३. उद्देश्यहरू:

*(नेपाली साहित्य, जन्मभूमि, कर्मभूमि अनि आउँदो पुस्ताहरूप्रति उत्तरदायी बन्दै)*

(क) विश्वभर नेपाली साहित्य विस्तार, विकास, संवर्द्धन, प्रोत्साहन र हौसलाको लागि आवश्यक कामहरू गर्ने ।
(ख) साहित्यिक व्यक्तित्व तथा समस्त स्रष्टा सर्जकहरूबीच आपसमा चिनजान, मित्रता, भातृत्व, सहिष्णुता, सद्भाव र सहयोगको अभिबृद्धि गर्दै सम्पर्क सेतुको काम गर्ने ।
(ग) देशविदेशमा रहेका विभिन्न नेपाली साहित्यिक सङ्घ, संस्थाहरूसँग समन्वय र सहकार्य गर्दै समउद्देश्य बोकेका संस्थाहरूसँग सम्बद्धता कायम गर्ने ॥
(घ) साहित्यिक हक अधिकारको लागि कार्यरत रहने ।
(ङ) नेपाली परिचयलाई देशविदेशमा सम्मानित र उच्च पहिचानयुक्त बनाउन आवश्यक कार्य गर्ने ।
(च) प्रवासी नेपाली साहित्यको पहिचान र सम्मानको लागि गुणस्तरीय साहित्यमा जोड दिँदै सम्बन्धित निकायहरूमा आवाज र दबाब पुऱ्याउने ।
(छ) विश्वभरका विभिन्न मुलुकमा रहनु भएका नेपाली साहित्यकार, साहित्य, साहित्यिक गतिविधि र साहित्यिक सङ्घ, सङ्गठनबारे जानकारी लिने, अभिलेख राख्ने, साहित्यिक समस्या तथा समाधानको लागि पहल/सहयोग गर्ने ।
(ज) विश्वभरका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाषा साहित्यका सङ्घ, सङ्गठन तथा साहित्यिक व्यक्तित्वहरूसँग यथासम्भव सम्पर्क र समन्वय गर्ने ।
(झ) नेपाली साहित्य (पर्वते, खस भाषा/विभिन्न मातृभाषा) को श्रीबृद्धिको लागि आवश्यक विभिन्न कार्यहरू गर्ने ।

तर माथि जेसुकै भनिए तापनि संस्थाको कुनै क्रियाकलापले कुनै राष्ट्र अन्तर्राष्ट्रिय सङ्घ, सङ्गठनको सम्बन्धमा प्रतिकूल असर पार्ने वा सरकारको परराष्ट्र नीतिको बर्खिलाप हुनजाने वा अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम गर्नेछैन ।

### ४. कार्यालय

महासङ्घलाई अनुकूल पर्ने ठाउँमा रहने छ । मुख्य/सम्पर्क कार्यालय नेपालमा रहने छ ।

### ५. सदस्यता

(सदस्यता जम्मा ६ प्रकारको हुनेछन् ।)

(क) **साधारण सदस्य:** तोकिएको शुल्क तिरेर बनेका केन्द्र वा शाखाका सबैजना सदस्य**हरू** ।
(ख) **आजीवन सदस्य:** तोकिएको शुल्क तिरेर यो सदस्यता प्राप्त हुनेछ । यो सदस्यता केन्द्रीय समितिको मातहतमा रहने छ । यो सदस्यता सधैँ र सबै देशहरूमा मान्य हुनेछ ।
(ग) **विशिष्ट संरक्षक सदस्य र संरक्षक सदस्य:** तोकिएको शुल्क तिरेर यो सदस्यता प्राप्त हुनेछ । यो सदस्यता केन्द्रीय समितिको मातहतमा रहनेछ । यो उच्च सम्मानित सदस्यताको रूपमा सधैँ र सबै देशमा मान्य हुनेछ ।
(घ) **सद्भाव सदस्य (राष्ट्रिय सदस्य):** राष्ट्रिय समिति वा शाखा मातहतमा रहने छ । यसको मान्यता एक देशभित्र मात्र हुने छ ।
**(ङ) मानार्थ सदस्य:** सम्मान स्वरूप यो सदस्यता व्यक्ति वा संस्थालाई प्रदान गर्न सकिने छ ।
(च) **संस्था सदस्य (सम्बन्धन):** तोकिएको निश्चित शुल्क लिई यस संस्थाको नियमलाई पालना गर्छु भन्ने सहमतिपत्रमा सहमतिपछि साहित्यिक सङ्घ, संस्था, अनलाइन साहित्य र प्रिन्ट साहित्यलाई यो सदस्यता प्रदान हुनेछ ।

### ६. सदस्यताको लागि योग्यता

(क) सदस्यताको लागि - साहित्यमा अभिरुची राख्ने व्यक्ति हुनुपर्नेछ ।
(ख) सबै तहको समिति पदाधिकारीको लागि कम्तीमा १ वटा साहित्यिक कृति प्रकाशन गरेको हुनुपर्नेछ । विशेष परिस्थितिमा मात्र साहित्यमा अभिरुचि राख्ने व्यक्ति पदाधिकारी रहन सक्नेछन् ।
(ग) केन्द्रीय समिति पदाधिकारी तथा सदस्यको लागि अनिवार्य आफ्नो साहित्यिक कृति प्रकाशन गरेको हुनुपर्नेछ र उमेर ३० वर्ष वा त्योभन्दा बढी उमेर पुगेको व्यक्तिलाई प्राथमिकता हुनेछ । राष्ट्रिय, शाखा, सम्बन्धन प्राप्त संस्थाबाट चुनिएर आएका प्रतिनिधिहरूको हकमा उमेरको हद लाग्ने छैन ।
(घ) केन्द्रीय समिति पदाधिकारी तथा सदस्यको लागि राष्ट्रिय, शाखा, सम्बन्धन प्राप्त संस्थामा आबद्ध भई कम्तीमा २ वर्ष काम गरेको हुनुपर्ने छ । केन्द्रीय पार्षद्को लागि प्रत्येक राष्ट्रिय, शाखा र सम्बन्धन प्राप्त संस्था समितिबाट प्रतिनिधिहरू आउने छन् ।

### ७. सदस्यता शुल्क

(नेपाली रूपैया वा सो सरह हुनेछ)

(क) विशिष्ट संरक्षक सदस्य - रु ७५ हजार वा सो भन्दा बढी
(ख) संरक्षक सदस्य - रु २५ हजार
(ग) महासङ्घ आजीवन सदस्य - रु ५ हजार
(घ) संस्था सम्बन्धन सदस्यता - रु ३ हजार
(ङ) अनलाइन साहित्य तथा प्रिन्ट साहित्य सम्बन्धन सदस्यता - रु २ हजार
(च) राष्ट्रिय (सद्भाव) सदस्य - १ हजार, नेपालबाहिर यु. एस. २० डलर वा सो सरह वा राष्ट्रिय समिति आफैले तोक्न सक्नेछ ।
(छ) साधारण सदस्य - रु १ सय, नेपालबाहिर यु. एस. ५ डलर वा सो सरह वा शाखा समिति आफैले तोक्न सक्नेछ ।

परिच्छेद - २

**(साङ्गठानिक स्वरूप)**

## ८. समिति

कमिटीमा २७ देखि ३५ जनासम्मको सबै क्षेत्र, जाति, बर्ग र लिङ्गको यथासम्भव समान प्रतिनिधित्व हुनेगरी समावेशी रहने छ जस अन्तर्गतः

अध्यक्ष १
वरिष्ठ उपाध्यक्ष १
उपाध्यक्ष ३ देखि ५ जना (महिला, क्षेत्रीय र समावेशी गरेर)
महा-सचिव १
सचिव १
उप-सचिव १
साहित्य सञ्चार संयोजक १
सङ्गठन सचिव १
आर्थिक सचिव १
आर्थिक सह-सचिव १

सदस्य**हरू** - अनुकूलता अनुसार
(समितिका पदाधिकारीहरू मध्ये एक जना **सक्रिय अनुभवी सदस्य** (सअस) Early Committee Experties (ECE) **रूप**मा रहनेछ/तोकिने छ ।)
सल्लाहकार बढीमा १५ जनासम्मको रहनेछ ।

## ९. विश्व केन्द्रीय परिषद्

यथासम्भव प्रत्येक देशको शाखाबाट वा संम्बन्धन प्राप्त शाखाबाट कम्तीमा १ जना र बढीमा ३ जना यस पार्षद्को सदस्य चुनिने वा मनोनित हुनेछन् । परिषद् सदस्य बढी भएको महसुस भएमा क्षेत्र र शाखाको सदस्य सङ्ख्याको आधारमा निर्धारण गरिनेछ ।

## १०. महासङ्घको तह र नाम

(क) विश्वमा एकमात्र र उच्च तह - केन्द्रीय समिति वा विश्व केन्द्रीय समिति दुवै भनिने छ । केन्द्रीय परिषद् वा विश्व केन्द्रीय परिषद् भनिनेछ ।
(ख) एक सिङ्गो देशलाई समेट्ने - राष्ट्रिय समिति र राष्ट्रिय परिषद् हुने छ । पहिला शाखा बन्ने छ र ३ वटा वा त्यो भन्दा बढी शाखा निर्माण तथा सम्बन्धन प्राप्त संस्थाहरूलाई समेटेर राष्ट्रिय समिति बन्ने छ । एकदेशमा एक मात्र शाखा छ भने त्यसैलाई सिङ्गो देशको प्रतिनिधित्व गर्ने शाखाको रूपमा मान्यता हुनेछ र शाखा परिषद् गठन गर्न सक्ने छ ।
(ग) प्रत्येक इलाका, सहर, गाउँ, टोल, विश्वविद्यालय, विद्यालय आदि क्षेत्र समेट्न शाखा (च्याप्टर) समिति रहने छ । महासङ्घको प्रत्येक तहको समितिमा सल्लाहकार रहने छन ।

परिच्छेद -३
**(काम कर्तव्य र अधिकार)**

**११. अध्यक्ष**

(क) केन्द्रीय समिति र केन्द्रीय पारिषद्को बैठक, भेला वा सम्मेलनको अध्यक्षता गर्ने ।
(ख) संस्थाको नैतिक जिम्मेवारी लिने ।
(ग) पदाधिकारीउपर अविश्वासको प्रस्ताव आएमा निकास दिने ।
(घ) कुटनैतिक निमन्त्रणामा कार्यकारी अध्यक्षसँग निकट रही दुबै वा सहमतिमा उपस्थित हुने ।
(ङ) केन्द्रीय समिति र केन्द्रीय पार्षद्को नेतृत्व गर्ने ।
(च) मत बराबर भएमा निर्णायक मत दिने ।

**१२. बरिष्ठ उपाध्यक्ष**

(क) अध्यक्षको अनुउपस्थितिमा अध्यक्षको समेत काम गर्ने ।
(ख) तोकिएको कुनै पनि काम गर्ने ।

**१३. उपाध्यक्ष**

(क) अध्यक्ष र वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा अध्यक्षको समेत काम गर्ने ।
(ख) आफ्नो क्षेत्रमा खट्ने तथा आफ्नो इलाकाको जिम्मेवारी लिने ।
(ग) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।
(घ) तोकिएको कुनै पनि काम गर्ने ।

**१४. महा-सचिव**

(क) बैठकलाई इमेल/चिठ्ठी पठाउने ।
(ख) संस्थाको नियमित कार्य सञ्चालन गर्ने ।
(ग) केन्द्रीय समिति र केन्द्रीय परिषद्को बैठक तथा भेलाको निर्णयलाई लिखित रूपमा राख्ने ।
(घ) टेली कन्फेरेन्सको लागि व्यवस्था मिलाउने
(ङ) वार्षिक कार्य योजना र संस्थाको प्रतिवेदन तयार गर्ने ।
(ङ) तोकिएको कुनै पनि काम गर्ने ।

**१५. सचिव**

(क) महा-सचिवको अनुउपस्थितिमा महा-सचिवको काम गर्ने ।
(ख) महा-सचिवको काममा सहयोग पुऱ्याउने ।
(ग) तोकिएको कुनै पनि काम गर्ने ।

**१६. उप-सचिव**

(क) महा-सचिव र सचिव दुवैको अनुपस्थितिमा काम गर्ने ।
(ख) महा-सचिव वा सचिवको काममा सहयोग पुऱ्याउने ।
(ग) अध्यक्षको सबैभन्दा नजिक रहेर काम गर्ने ।
(घ) तोकिएको कुनै पनि काम गर्ने ।

**१७. साहित्य सञ्चार संयोजक**

(क) सञ्चार क्षेत्रको लागि संस्थाको तर्फबाट काम गर्ने ।
(ख) साहित्यिक अनलाइन, प्रिन्ट, अडियो, भिडियो लगायतको लागत राख्ने ।
(ग) महासङ्घको कार्यक्रमबारे समाचार बनाउने, प्रेस विज्ञप्ति, घोषणा, सूचना आदि यथासक्दो धेरै मिडियाहरूमा दिने ।
(घ) संस्थाको वेभपेज अपडेट गर्ने, मुखपत्र, स्मारिका आदिको लागि काम गर्ने ।
(ङ) आवश्यक भएमा साहित्य सञ्चार समिति गठन गरी प्रभावकारिता ल्याउने ।
(च) तोकिएको कुनै पनि काम गर्ने ।

**१८. सङ्गठन सचिव**

(क) विश्वव्यापी रूपमा सङ्गठन विस्तार गर्ने ।
(ख) तोकिएको कुनै पनि काम गर्ने ।

**१९. आर्थिक सचिव**

(क) संस्थाको कोष सङ्कलन गर्ने गराउने ।
(ख) संस्थाको सम्पूर्ण चल अचल सम्पतिको लिखत रेकर्ड राख्ने ।
(ग) आर्थिक प्रतिवेदन पेश गर्ने ।

(घ) संस्थाको वार्षिक बजेट तयार गर्ने ।
(ङ) तोकिएको कुनै पनि काम गर्ने ।

**२०. आर्थिक सह-सचिव**

(क) आर्थिक-सचिवको अनुउपस्थितिमा आर्थिक-सचिवको काम गर्ने ।
(ख) आर्थिक सचिवको काममा सहयोग पुऱ्याउने ।
(ग) तोकिएको कुनै पनि काम गर्ने ।

**२१. समिति सदस्य**

(क) निर्णय**हरू** पालना गर्दै व्यवहारमा ल्याउने ।
(ख) तोकिएको कुनै पनि काम गर्ने ।

**२२. आजीवन सदस्य**

(क) तोकिएको कुनै पनि काम गर्ने ।
(ख) केन्द्रीय र शाखाको निर्वाचनमा भोट दिने ।

**२३. विशिष्ट संरक्षक सदस्य/संरक्षक सदस्य**

(क) तोकिएको दुई कार्यकाल अर्थात ५ वर्ष सम्म केन्द्रीय समिति पूर्ण निष्कृय भएमा संस्था बचाउनको लागि आवश्यक पहल गर्ने ।

**२४. परिषद् सदस्य**

(क) छलफलको लागि बुँदांहरू केन्द्रीय समितिमा पठाउने ।
(ख) सभा सम्मेलनमा सहभागिता जनाउने ।
(ग) आफ्नो शाखाको गतिविधिमा सहभागी हुने ।
(घ) आफ्नो इलाकाको जानकारी केन्द्रमा पठाउने र केन्द्रको जानकारी ल्याउने ।
(ङ) तोकिएको कुनै पनि काम गर्ने ।

**२५. सल्लाहकार**

(क) संस्थाको कार्यलाई नजिकबाट मूल्याङ्कन गर्दै सल्लाह दिने ।

**२६. महासङ्घ सदस्य (केन्द्र, शाखाका तथा सम्पूर्ण पदाधिकारीहरू)**

(क) यस संस्थाको हित हुने क्रियाकलापमा मात्र सरिक/सहभागी हुने ।

परिच्छेद ४

## (आर्थिक)

### २७. आर्थिक स्रोत

(क) सदस्यता शुल्कबाट ।
(ख) आबद्ध संस्थाहरूबाट प्राप्त सहयोग ।
(ग) संस्था वा व्यक्तिबाट प्राप्त अनुदान ।
(घ) अन्य कुनै च्यारिटी आयोजनाबाट ।
(ङ) प्रत्येक शाखाले बनाएको आजीवन सदस्य शुल्क वापत प्राप्त ।

### २८. चलअचल सम्पति

(क) चलअचल सम्पतिको पूर्ण विवरण तोकिए बमोजिम राखिनेछ ।

### २९. कोष

(क) संस्थाको नाममा बैंक खाता खोली कोष सञ्चालन गरिने छ ।
(ख) कोष सञ्चालनको लागि छुट्टै विशेष समिति तथा आचारसंहिता निर्माण हुनेछ ।

### ३०. आर्थिक लेखा परीक्षण

(क) अर्धवार्षिक वा वार्षिक टेलिकन्फरेन्स गरी आयब्यय प्रस्तुत गरिने छ र उक्त आयब्ययलाई साइटमा अपडेट गरिने छ ।
(ख) आवश्यकता भएमा मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराइने छ ।
(ग) **उक्त परी**क्षणको विवरण र वार्षिक प्रतिवेदन सम्बन्धित निकायमा पेश गरिने छ ।

परिच्छेद ५

## (शाखा, राष्ट्रिय समिति तथा सम्बन्धन प्राप्त संस्था सम्बन्धी व्यवस्था)

### ३१. शाखा, राष्ट्रिय समिति र सम्बन्धनबारे व्यवस्थाः

(क) प्रत्येक शाखा, राष्ट्रिय समिति र सम्बन्धन प्राप्त संस्थाले केन्द्रको यस विधानलाई पालना गर्नु पर्ने छ तर देशको विशिष्टतासँगै केन्द्रको विधानसँग नबाझिने गरी आफ्नै विधान बनाउन सक्ने छ र सोही देशमा कानुन बमोजिम दर्ता हुन सक्ने छ ।
(ख) केन्द्रीय, राष्ट्रिय, शाखा समिति तथा सम्बन्धन प्राप्त संस्थामार्फत बनेका आजीवन सदस्य विश्वभर जुनसुकै देशमा मान्य रहने छ ।
(ग) शाखा समितिले प्रत्येक २ वर्षको कार्यकालपछि नयाँ नेतृत्व चयन गर्नुपर्नेछ ।
(घ) शाखाले आफ्नो साधारण सदस्यता र सद्भाव सदस्यता (राष्ट्रिय सदस्यता) वितरण गर्न सक्ने छ । आवश्यक भएमा परिषद् समिति र सल्लाहकारको व्यवस्था गर्न सक्ने छ ।
(ङ) प्रत्येक देश, इलाका, सहर, गाउँ, टोल, कलेज, विद्यालयमा शाखा खोल्न सकिने छ तर एकै देशमा ३ वटाभन्दा बढी शाखा वा सम्बद्धता बनेको खण्डमा एक राष्ट्रिय समिति बन्नु पर्नेछ । शाखा निर्माण भएको कुरा केन्द्रीय र राष्ट्रिय समितिमा जानकारी पठाउनु पर्नेछ । शाखा निर्माणको लागि कम्तीमा दुईभन्दा बढी व्यक्तित्व पुस्तक कृति प्रकाशन गरेको हुनु पर्नेछ तर विद्यालय र कलेज तहको शाखामा यो लागू हुने छैन । कजेल तहको शाखा निर्माणको लागि साहित्यप्रेमी हुनु पर्नेछ तर कुनै पनि (राजनैतिक पार्टीको भातृसङ्गठन) विद्यार्थी सङ्घ/सङ्गठनको पदाधिकारी यस संस्थाको सदस्य बन्ने छैन ।
(च) शाखा, राष्ट्रिय समिति वा सम्बन्धन प्राप्त संस्थाको आर्थिक कारोवार स्वतन्त्र रूपले सञ्चालन हुनेछ । केन्द्रीय समिति, राष्ट्रिय समिति, सम्बन्धन प्राप्त संस्था बीच कुनै सम्बन्ध रहने छैन ।
(छ) देशविदेशमा कार्यक्रम तथा सेमिनार हुँदा अर्को देशमा रहेका सदस्य तथा पदाधिकारीको निम्ति इमिग्रेसन सम्बन्धि काम गर्न कुनै बाध्यता हुने छैन तर आगमन भएको खण्डमा आमन्त्रितलाई बस्न र खानाको लागि यथासम्भव व्यवस्था गर्न सक्ने छ ।
(ज) केन्द्रीय समितिको मतदान वा चुनाउमा - **एक शाखा एक भोट गन्ने र आजीवन सदस्यहरूको दश भोटलाई एक शाखा सरह मान्ने** । वा (एक शाखा, एकभोटको १०० अङ्क र सम्बद्धता संस्थाको एकभोटको ५० अङ्क हुनेछ भने एक आजीवन/संरक्षक सदस्यको एकभोटको १० अङ्क मान्यता हुनेछ) शाखा स्थापना भएको कम्तीमा ६ महिना र कम्तीमा दुईवटा सार्वजनिक कार्यक्रम गरेको हुनु पर्नेछ तब मात्र शाखा/सम्बद्धता प्राप्त संस्थाले भोट दिन पाउने छ । निर्वाचन आयोगले तोकेको मितिभित्र बनेका आजीवन/संरक्षक सदस्यले भने तत्कालै भोट दिन पाउने छ ।
(झ) आजीवन सदस्य वितरण गर्दा तोकिएको निश्चित प्रतिशत राखेर केन्द्रमा पठाउनु पर्नेछ । आजीवन सदस्यताको रकम ३ महिनाभित्र र संरक्षक सदस्य वापत प्राप्त रकम सिधै केन्द्रीय समितिमा जानेछ ।

(ञ) प्रत्येक शाखाले लोगो, सदस्यता पत्र, सहयोग रसिद अनिवार्य र लेटरप्याड, सर्टिफिकेट, वेभपेज र इमेल आदिमा यथासक्दो एकरूपता हुनुपर्नेछ ।
(ट) सबै शाखा**हरू** प्रायः स्वतन्त्र हुने छन् । त्यसैले एकदेशभित्र बन्ने राष्ट्रिय समितिले शाखा**हरू** बीच आन्तरिक सम्पर्कको भूमिका निर्वाह गर्नेछ । प्रत्येक शाखा वा सम्बन्धन प्राप्त संस्थाबाट कम्तीमा १ जनाले राष्ट्रिय समितिमा प्रतिनिधित्व गर्नेछ ।
(ठ) प्रत्येक शाखा, राष्ट्रिय समिति र सम्बन्धन प्राप्त संस्थाले अनिवार्य १ जना केन्द्रीय पार्षद्को लागि र अनुकूलता अनुसार केन्द्रीय समितिमा तोकेर वा चुनेर पठाउनु पर्नेछ ।

**३२. सम्बन्धन प्रदान सम्बन्धी व्यवस्थाः**

(क) देशविदेशमा शाखा**हरू** बन्ने छन् साथै कुनै पनि देशमा सञ्चालन भइरहेको साहित्यिक संस्थालाई समेत तोकिएको निश्चित (साङ्केतिक) शुल्क लिएर सम्बन्धन दिन सकिने छ । तर सम्बन्धन प्राप्त संस्थाले पनि यस सन्जालको विधानलाई पालना गर्नु पर्नेछ । विधान विपरीत कार्य गरेको पाइएमा केन्द्रीय समितिले चेतावनी पश्चात् सम्बन्धनको आधार समाप्त भएको घोषणा गर्न सक्नेछ । संस्थाले प्रत्येक ५ वर्षमा सम्बन्धन नवीकरण गर्नुपर्ने छ ।

(ख) सम्बन्धन प्राप्त संस्थाले आफ्नो नामको पछाडि, माथि वा तल मिलाएर '(साहित्य महासङ्घ सम्बद्ध)' वा '(विनेसासद्वारा सम्बन्धन प्राप्त)' लेख्न प्रोत्साहित गरिने छ तर अनिवार्य भने हुने छैन । सम्बन्धन लिएको संस्थाले आफ्नो लोगोसहित विनेसामको लोगो पनि अनिवार्य प्रयोग गर्नुपर्ने छ । सदस्यता पत्र, सहयोग रसिद, लेटरप्याड, सर्टिफिकेट, वेभपेज र इमेल आदिमा यथासक्दो एकरूपता हुनुपर्नेछ ।

(ग) सम्बन्धन प्राप्त संस्थाले पनि भोट दिन पाउने छ । भोट दिने अधिकारको सम्बन्धमा सम्बन्धन प्राप्त २ संस्थाको अधिकार र मान्यता एक विनेसाम शाखा सरह हुनेछ ।

**३३. अनलाइन साहित्य (वेभ साइट) तथा प्रिन्ट साहित्य सम्बन्धमा**

(क) साहित्यिक सिर्जना**हरू** र साहित्यिक गतिविधि मात्र समेट्ने वेभसाइटलाई अनलाइन साहित्य मानिने छ ।
(ख) विशुद्ध साहित्यिक पत्रिका मात्र प्रकाशन गर्ने संस्थालाई प्रिन्ट साहित्य मानिने छ ।
(ग) कम्तीमा ३ वर्ष निरन्तर सञ्चालनमा रहेको पूर्ण साहित्यिक वेभसाइटलाई निश्चित साङ्केतिक शुल्क लिएर सम्बन्धन प्रदान गर्न सकिने छ । यसको लागि पूर्ण URL हुनुपर्ने छ ।
(घ) कम्तीमा ३ वर्ष नियमित विशुद्ध साहित्यिक प्रकाशनलाई पनि अध्ययन गरेर सम्बन्धन दिन सकिने छ ।
(ङ) सम्बन्धन प्राप्त वेभसाइट वा प्रिन्ट साहित्यले पनि केन्द्रीय वा राष्ट्रिय चुनावमा भोट दिन पाउने छ । एक वेभसाइट वा एक प्रिन्ट साहित्यको भोट १ आजीवन सदस्य सरह हुनेछ । एक व्यक्तिको भोट हाल्ने एकभन्दा बढी हैसियत हुन सक्छ तर एक व्यक्तिले एउटा मात्र भोट हाल्न पाउने छ । सम्बन्धन प्राप्त वेभसाइट/प्रिन्ट संस्थाबाट तोकिएको व्यक्ति आजीवन सदस्य तथा अन्य पदाधिकारी रहेको खण्डमा निजले एकभोट मात्र दिन पाउने छ । यस प्रकारको सम्बन्धनको बारेमा केन्द्रीय समितिले काम गर्नेछ ।
(च) ब्लग साहित्यिक वेभ पत्रिकालाई विधानतः सम्बन्धन प्रदान हुने छैन तर केन्द्रीय समितिले अध्ययन गरेर निर्णय लिन सक्नेछ ।

**३४. किन सम्बन्धन ?**

१. विश्वव्यापी सन्जालमा प्रवेश गर्न ।
२. आफ्नो संस्था/समूहको काम विश्वभर पुऱ्याउन ।
३. नेपाली साहित्यको काममा विश्वभरका नेपाली साहित्यकार तथा साहित्यिक सङ्घसंस्थाहरूसँग हातेमालो गर्न ।
४. साहित्यिक संस्था वा व्यक्तिसँगको सम्पर्क र परिचयबाट प्राप्त हुने सहयोग लिन ।
५. विश्वभरको साहित्यिक गतिविधिबारे जानकारी राख्न ।
६. साहित्य महासङ्घको नेतृत्व गर्न वा छान्नको लागि भोट दिन ।
७. जुनसुकै स्थान/मुलुकमा पुगे पनि साहित्य महासङ्घको परिवार भई साहित्यको काम गर्न ।
८. संस्थालाई पहिचानयुक्त र थप मर्यादित बनाउन ।
९. आवश्यक भएमा सम्मान तथा पुरस्कारको लागि उपयुक्त व्यक्तिको नाम सिफारिस गर्न ।
१०. साहित्यिक हक, अधिकारको लागि एकबद्ध भई लड्न ।
११. यस साहित्य महासङ्घको उद्देश्य प्राप्त गर्न ।
१२. अन्य ।

परिच्छेद ६
**(विविध)**

### ३५. भेला

(क) एक कार्यकालमा एकपटक विश्वव्यापी साहित्य सम्मेलनको आयोजना गरिने छ। यही सम्मेलन संस्थाको सर्वोच्च निकाय हुनेछ।
(ख) समितिले प्रत्येक १ वर्षमा एउटा प्रत्यक्ष भेला वा टेलिकन्फरेन्स बोलाउनु पर्नेछ वा दुबै कार्य गर्नु पर्नेछ। यस वार्षिक भेलामा केन्द्रीय समिति र केन्द्रीय पार्षद्का सबै सदस्यको सहभागिता हुनु पर्नेछ।
(ग) संशोधन तथा परिमार्जन गर्नुपर्ने कुराहरू बैठकले गर्नेछ तर त्यो निर्णय भेलाद्वारा अनुमोदन हुनु पर्नेछ।
(घ) रिक्त हुन आएको पदमा नियुक्ति एवम् राजीनामाको स्वीकृति बैठकले गर्न सक्ने छ तर भेलाले अनुमोदन गर्नुपर्ने छ।

### ३६. निर्वाचन

(क) समयावधि समाप्त भएपछि सर्वसम्मतबाट वा स्वतन्त्र निर्वाचन प्रकृयाबाट भेलाले नयाँ समिति तयार गर्नेछ। आवश्यकता अनुसार निर्वाचन आचार संहिताको व्यवस्था र निर्वाचन आयोग गठन गर्न सकिने छ।

### ३७. बैठक वा भेटघाट कार्यक्रम

(क) प्रत्येक ३ महिनामा नियमित टेलिकन्फरेन्स गर्ने।
(ख) आवश्यकता अनुसार धेरैपटक पनि टेलिकन्फरेन्समार्फत वा प्रत्यक्ष बैठक बस्न सक्नेछ।
(ग) साहित्यकार वा कुनै पनि महत्वपूर्ण व्यक्तिको आगमनमा स्वागत तथा विदाई कार्यक्रम आवश्यकता र अनुकूलता अनुसार गर्न सकिने छ।

### ३८. समयावधि

(क) **केन्द्रीय** समितिको पदावधि ३ वर्षको हुनेछ।
(ख) राष्ट्रिय समिति, शाखा समितिको पदावधि २ वर्षको हुनेछ। स्थान अनुकूल आफ्नो विधान बमोजिम कार्यावधि कायम गर्न सक्नेछ तर केन्द्रीय समितिलाई जानकारी गराउनु पर्नेछ।
(ग) साधारण सदस्य, राष्ट्रिय सदस्य र सम्बन्धन सदस्यता प्रत्येक ५ वर्षमा तोकिएको शुल्क तिरेर नवीकरण गर्नुपर्ने छ। विशिष्ट संरक्षक र संरक्षक सदस्यता भने सधैँको लागि हुनेछ।
(घ) तोकिएको पदावधि समाप्त भएपछि अर्को समिति नभइन्जेल काम चलाउ समिति रहनेछ।

### ३९. पदरिक्तता

(क) मृत्यु वा पागल भएमा।
(ख) राजीनामा दिएमा।
(ग) विधान विपरीत कार्य गरेको खण्डमा भेला वा बैठकद्वारा निष्काशित गरिएमा।

### ४०. पदपूर्ति

रिक्त हुन आएको पदमा बैठक वा भेलाले मात्र नियुक्त गर्न सक्नेछ।

### ४१. गणपुरक

(क) ५१% प्रतिशत उपस्थितिलाई गणपुरक मानिने छ।
(ख) गणपुरक नभई स्थगित बैठक दोस्रोपटकमा ३०% प्रतिशत उपस्थितिलाई गणपुरक मानिने छ।

### ४२. सम्बन्धन सदस्य

(क) केन्द्रीय समितिको चुनावमा भोट दिने।
(ख) पुरस्कार तथा सम्मानको लागि उपयुक्त व्यक्तिको नाम सिफारिस गर्ने।
(ग) विभिन्न अवसरमा जन्मजयन्ती आदि समारोह गर्ने।

### ४३. अविश्वासको प्रस्ताव

यस विधानको उद्देश्य विपरीत कसैले कार्य गरेको फेला परेमा, आर्थिक हिनामिना गरेमा, समितिका एकतिहाईले लिखित प्रस्ताव भेला वा बैठकमा पेश गर्नुपर्ने छ। त्यो प्रस्ताव दुई तिहाई बहुमतले पारित गरेमा पदमुक्त भएको मानिने छ।

## ४४. कार्वाही

(क) विधान विपरीत काम गरेमा, लापारवाही गरेमा, निष्कृय भएमा (विना जानकारी ४ पटक टेलिकन्फरेन्स वा बैठकमा अनुपस्थिति भएमा निष्कृय भएको मानिने छ) निजले प्रतिनिधित्व गरेको संस्थालाई जानकारी गराउँदै चेतावनी, निलम्बन र निष्काशन गरिने छ।

(ख) कुनै पनि शाखाले संस्थाको विधान विपरीत काम गरेको ठहर भएमा केन्द्रीय समितिको बैठकले कार्वाहीको प्रकृया अगाडि बढाउने छ। गल्ती भएको जानकारी, चेतावनी, निलम्बन, निष्काशन र सम्बन्धन समाप्त भएको घोषणा गर्नेछ।

## ४५. विधान संशोधन

समयअनुकूल आवश्यक परेमा भेलाद्वारा मात्र विधान संशोधन गर्न सकिने छ। संशोधन गर्दा मुलभूत कुरा**हरू**मा फरक पर्नु हुँदैन।

## ४६. दर्ता ऐन

यस विधान भित्रका कुरा**हरू** ऐनसँग बाँझिन गएमा स्वतः निष्कृय हुनेछ।

## ४७. विघटन

कारणवस महासङ्घ चल्न नसकेको खण्डमा संस्थासँग भएको जायजेथा नेपाल सरकारको हुनेछ।

----------------------------x----------------------------

**: शपथ :**

म भगवान्लाई साक्षी राखी नेपाली साहित्यको लागि, मैले जाने र सके जति निस्वार्थ भावनाले यस विश्व नेपाली साहित्य महासङ्घको काम गर्नेछु। म यस संस्थाको विधान बमोजिम मेरो काम कर्तव्यलाई दृढताका साथ पालन गर्नेछु। यदि मैले संस्थाको हित विपरीत कार्य गरेमा भगवान्ले मलाई दण्ड गरुन्।

## अनुसूचि १

(क) चिन्ह

(ख) महासङ्घ चिन्हको परिभाषा

१. **ग्लोब** - विश्वमा रहेका सम्पूर्ण नेपाली साहित्यकारहरु जनाउदछ ।
२. **सात वटा तारा** - विश्वका सात ७ महादेशहरुको प्रतिनिधित्व ।
३. **धानको बाला** - सबैको साझा, संयुक्त संस्था ।
४.**कलम, कापी** - विशुद्ध साहित्यकारहरुको मात्र संस्था बुझाउदछ ।

महासङ्घको झन्डा बनाउँदा नीलो आकाशे रङ्गको पृष्ठभूमिमा यही लोगो राख्नुपर्नेछ । ब्यानर, फ्ल्याक्स बनाउँदा पनि नीलो आकाशे रङ्गको पृष्ठभूमि प्रयोग गर्न प्रोत्साहित गरिन्छ । आकाशे रङ्गको पृष्ठभूमिमाथि एक किसिमको मात्र मसी वा रङ्ग प्रयोग गर्नुपरेमा सेतो रङ्ग प्रयोग गर्नुपर्नेछ ।

(ग) छाप

## अनुसूचि २

(क) महासङ्घको लेटरप्याड नमुना

"विश्वभरका साहित्यकारहरु एकजुट होऔं, नेपाली साहित्यलाई समृद्ध बनाऔं"

**विश्व नेपाली साहित्य महासंघ**

**Global Federation for Nepali Literature (GFNL)**

**विश्व केन्द्रिय समिति**

Global Central Committee

Estd – 2010

www.nepaliliterature.org
nepaliliterature@ymail.com

मिति:

---

(ख) सम्बन्धन सदस्यता प्राप्त संस्थाको निमित्त लेटरप्याडको नमुना

(साहित्य महासंघ सम्बद्ध)

**प्रवासी नेपाली साहित्य समाज**

बेलायत/ब्रुनाई

स्था: सन् २००१

www.pravasi.com.np
pravasisamaj@googlemail.com

मिति:

(ग) महासङ्घ शाखा/राष्ट्रिय समितिको स्टाम्प नमुना

अनुसूचि ३

(क) साहित्यिक संस्थालाई सम्बन्धन सदस्यता प्रदानको नमुना


"विश्वभरका साहित्यकारहरु एकजुट होऔं, नेपाली साहित्यलाई समृद्ध बनाऔं"

**विश्व नेपाली साहित्य महासंघ**

Global Federation for Nepali Literature (GFNL)

केन्द्रिय समिति

Central Committee

Estd – 2010

Web: www.nepaliliterature.org
E-mail: nepaliliterature@ymail.com

सम्बन्धन दर्ता नं. ०१/२०१०

श्रीमान अध्यक्ष ज्यू,
उदाउदो तारा साहित्यिक समाज
पेनाङ्ग मलेशिया

**प्रमाण-पत्र**

यस महासंघको विधान दफा ७ (घ) बमोजिम नेपाली साहित्यको निमित्त हातेमालो गर्न **उदाउदो तारा साहित्य समाज**, पेनाङ्ग, मलेशियालाई आजको मिति देखि ५ बर्षको लागि यो **सम्बन्धन सदस्यता प्रदान** गरिएको छ।

विश्वास दीप तिगेला
महासचिव

डा. मधु माधुर्य
अध्यक्ष

मिति: २२ अगष्ट २०१०

## आधारभूत कार्यनीति तथा आचारसंहिता

१. यस सहित्य महासङ्घको स्थापना विभिन्न १८ मुलकबाट ४७ स्रष्टाहरूको सामूहिक सक्रियतामा स्थापना भएको हो त्यसैले महासङ्घ सधैं सामूहिक कार्यलाई प्रोत्साहन गर्दछ। प्रत्येक नेपालीहरूको कर्तव्य नेपाली साहित्यलाई माया गर्नु हो भने विश्वभरका नेपाली समुदायहरु माझ यस विश्व नेपाली साहित्य महासङ्घको स्थापना गर्नु सबै नेपालीहरूको दायित्व हो भन्ने मान्यता रहेको छ।

२. सम्पर्क वा मुख्य कार्यालय नेपालमा रहने छ। कारण - धेरैलाई र सधैंलाई सजिलो हुनेछ। कुनैपनि देशको बर्चश्व देखिने छैन। धेरै मुलुकमा रहेका नेपाली साहित्यका स्रष्टाहरु नेपाल प्रायः आउने जाने गर्ने भएकोले प्रभावकारी हुनेछ।

३. यो संस्था नेपालमै विशिष्ट हैसियत हुने प्रकारले दर्ता गरिने छ। *गैर आवासीय नेपाली सम्बन्धी नियमावली २०६६, परिच्छेद ४, दफा १२ मा व्यवस्था भए अनुसार २५ मुलुकका कम्तीमा ५० जनाले आवेदन दिई यस साहित्य महासङ्घको दर्ता गरिनेछ।*

४. नेपाली साहित्यको लागि विदेशमा रहेका नेपालीहरू माझ सम्पर्कमा जानको लागि गैर आवासिय नेपाली सङ्घसँग सम्बन्ध नजिकको कायम गरिने छ। साहित्यको क्षेत्र भएकोले संङ्घ नपुगेको ठाँउमा पनि साहित्य महासंघ सजिलै पुग्ने भएकोले सङ्घलाई पनि सहयोग गरिनेछ।

५. कामकाजको मुख्य भाषा नेपाली हुनेछ। कारण - सजिलो र आफ्नो माटोको भाषाको सम्मानार्थ तर विधान, आचारसंहिता, घोषणा-पत्र लगायतका महत्वपूर्ण दस्तावेज**हरू** नेपाली र यथासम्भव अन्तर्राष्ट्रिय भाषा अङ्ग्रेजी, स्पेनिस, रसियन आदि भाषामा रहने छन्।

६. संस्थाको हिसाव किताब मुख्य गरी नेपालीमा र आवश्यक अनुसार अङ्ग्रेजी लगायतमा देखाइने/राखिने छ।

७. **संस्थापकः** भानु जयन्ती २०६७ तदनुसार २०१० रहेको छ। कारण - नेपाली भाषी एकताको प्रतीक भानु जयन्तीको दिनलाई शुभसाइत जुराएर स्थापना गरिएको हो। भविष्यमा मिडियाले संस्थापकको रूपमा कसैको नाम उल्लेख गरेमा सम्बन्धित व्यक्तिले सम्बन्धित मिडिया र समितिमा प्रतिक्रिया वा स्पष्टिकरण लेख्नु पर्नेछ।

८. नयाँ कार्य समिति निर्माण हुँदा अघिल्ला कार्यकारी पदाधिकारीहरू मध्येका एकचाहिँ अनिवार्य यथावत पदमा वा कार्यकारी पदाधिकारीकै **रूपमा सक्रिय अनुभवी सदस्य** (सअस) Early Committee Experties (ECE) रहने छ। यसको छनौट अघिल्लो कार्यकालमा सबैभन्दा धेरै काम गरेका व्यक्तिहरू मध्येबाट तोकिने छ। किन कि - टाढाटाढा रहेर काम गर्नुपर्ने भएकोले सबै नयाँ पदाधिकारीहरू मात्र रहँदा अलमलमा पर्न सक्छन्। त्यसैले यसको व्यवस्था गरिएको हो। यस पदको लागि अघिल्लो समिति वा निर्वाचन आयोगले तोक्ने छ। सअस को काम, कर्तव्य र अधिकार - समितिलाई सहयोग, सल्लाह दिँदै सतर्क गराउने। नैतिक अधिकार उपाध्यक्ष सरह हुनेछ तर समिति निरन्तर सञ्चालन भइरहेको अवस्थामा यो पद सक्रिय हुने छैन। एक वर्षभन्दा बढी समितिले कुनै काम नगरेको अवस्थालाई निष्क्रिय भएको मानिने छ। एक व्यक्तिले सअस को जिम्मेवारी दुई कार्यकालभन्दा बढी निरन्तर गर्ने छैन। यस पदाधिकारीको नामको पछाडि सअस वा ECE लेखेर जनाइने छ।

९. संस्थाको अध्यक्षले लगातार तेस्रो पटक जिम्मेवारी बहन गर्ने छैन तर अर्केको एक कार्यकालपछि

पुनः अध्यक्ष हुन पाउने अधिकारलाई रोक लागेको मानिने छैन ।

१०. अध्यक्षलाई काम गर्न सजिलो होस् भन्ने उद्देश्यले अध्यक्ष स्वयंम्ले आफ्नो स्वेच्छाले उप-सचिव मनोनित गर्न सक्नेछ ।

११. प्रत्येक वर्ष यस महासङ्घले विशिष्ट योगदान पुऱ्याएवापत नेपाल बाहिरका २ जनालाई पुस्कार र २ जनालाई सम्मान तथा नेपाल भित्रका १ जनालाई पुरस्कार र ३ जनालाई सम्मान प्रदान गर्नेछ ।

१२. शाखा समिति, राष्ट्रिय समिति वा सम्वन्धन प्राप्त संस्थाले आजीवन सदस्यता वितरण गरेको खण्डमा उक्त आयको २० प्रतिशत सम्बन्धित संस्थाले नै राख्न सक्नेछ ।

१३. यो संस्था सामूहिक रूपबाट व्यापक आवश्यकता महसुस भएको कारण स्थापना भएको हो । कुनै पनि संस्थाको विरुद्धमा निर्माण भएको होइन । साहित्यिक जुनसुकै संस्थामा आवद्ध व्यक्ति यस सन्जालमा संलग्न हुन सक्नेछ ।

## मतदानमा सहभागिताको ढाँचा तथा कार्यविधि

**केन्द्रीय समितिको मतदान वा चुनावमा** - एक शाखा एक भोट गन्ने र आजीवन सदस्यहरूको दश भोटलाई एक शाखा सरह मान्ने । वा (एक शाखा, एकभोटको १०० अङ्क र सम्बन्धन प्राप्त संस्थाको एकभोटको ५० अङ्क हुनेछ भने एक आजीवन/संरक्षक सदस्यको एकभोटको १० अङ्क मान्यता हुनेछ) शाखा स्थापना भएको कम्तीमा ६ महिना र कम्तीमा दुईवटा सार्वजनिक कार्यक्रम गरेको हुनु पर्नेछ तब मात्र शाखा/सम्बन्धन प्राप्त संस्थाले भोट दिन पाउने छ । निर्वाचन आयोगले तोकेको मिति भित्र बनेका आजीवन/संरक्षक सदस्यले भने तत्कालै भोट दिन पाउने छ ।




१. शाखा तथा राष्ट्रिय शाखाबाट चुनिएको एकजनाले भोट हाल्नेछ वा सर्वसम्मत अर्थात बहुमतबाट निर्णय गरी जानकारी पठाउनु पर्नेछ । यस भोट वा निर्णयले १०० अङ्कं प्राप्त गर्नेछ ।

२. सम्बन्धन प्राप्त संस्थाले पनि संस्थाबाट चुनिएको एकजनाले भोट हाल्नेछ वा सर्वसम्मत अर्थात् बहुमतबाट निर्णय गरी जानकारी पठाउनु पर्नेछ । यस भोट वा निर्णयले ५० अङ्कं प्राप्त गर्नेछ ।

३. आजीवन सदस्य, संरक्षक सदस्य, विशिष्ट संरक्षक सदस्य प्रत्येकले भोट दिन पाउने छ र उसको एक भोटले १० अङ्क प्राप्त गर्नेछ ।
४. सम्बन्धन प्राप्त अनलाइन साहित्य र प्रिन्ट साहित्यको एकभोटले १० अङ्क प्राप्त गर्नेछ ।
५. आजीवन सदस्यले स्वेच्छा तवरले भोट गर्नेछ र शाखा वा सम्बन्धन प्राप्त समितिले पनि उनैलाई भोट दिन पाउने निर्णय गरेमा निजले भोट दिन पाउने छ तर शाखा र राष्ट्रिय शाखाको भोट एकै व्यक्तिले दिन पाउने छैन ।
६. सबैभन्दा बढी भोट (अङ्क) ल्याउनेलाई विजयी घोषणा गरिनेछ ।
७. साहित्य महासङ्घ केन्द्रिय समितिको मुख्य पदहरुमा एक देशबाट बढिमा २ जना मात्र तोकिएको निश्चित शुल्क तिरेर उम्मेदवारी बन्न सक्नेछन् । सदस्य र परिषद सदस्यमा बढिमा ५ जनाले चुनाव लड्न सक्नेछन ।
८. उम्मेदवार बन्नको लागि २ जना केन्द्रिय सदस्य वा परिषद सदस्य प्रस्तावक र १ जना समर्थक हुनुपर्नेछ । उम्मेदवार नैतिक रूपबाट योग्य हुनुपर्नेछ । उम्मेदवार अयोग्य वा उम्मेदवारले निर्वाचनको निश्चित अवधि भित्र महासङ्घलाई आँच आउने कार्य गरेमा प्रस्तावक र समर्थक जवाफदेही हुनुपर्नेछ । एक पदाधिकारी, सदस्य/परिषद सदस्यले एक प्रस्तावक, एक समर्थक मात्र बन्न सक्नेछ ।
९. शिष्ट, सभ्य र विश्वव्यापी सन्जाल (महासङ्घ) भएकोले केन्द्रीय पदाधिकारीको लागि कम्तीमा उमेर ३० वर्ष हुनुपर्ने छ । केन्द्रीय पदाधिकारी तथा सदस्यको लागि राष्ट्रिय, शाखा वा सम्बन्धन प्राप्त संस्थामा कम्तीमा २ वर्ष काम गरेको हुनु पर्नेछ । स्थापना कालको पहिलो र दोस्रो समिति निर्माणमा यो हद लागू हुने छैन । केन्द्रीय परिषद, शाखा समिति, राष्ट्रिय समितिमा उमेरको हद हुने छैन ।
१०. केन्द्रिय समितिको भेला/बैठकले निर्वाचन आयोग घोषणा गर्नेछ र उक्त आयोगले आजीवन/संरक्षक सदस्यता, सम्बन्धन नविकरणको अन्तिम मिति तोक्नेछ र मतदाताहरुको नामावली प्रकाशन गर्नेछ । सहमतिय वा बहूमतिय प्रणालीबाट नयाँ नेतृत्वको घोषणा संगै आयोगको कार्यकाल समाप्त हुनेछ ।
११. निर्वाचन प्रकृया - पछिल्लो समयमा अनलाइन भोटिङ विश्वासिलो, भरपर्दो र प्रभावकारी बन्दै गएकोले अनलाइन भोटिङ अपनाइने छ । यदि आवश्यक र सम्भव भएमा हूलाकी पोष्ट लगायतको अन्य तरिका पनि अपनाइने छ ।
१२. केन्द्रीय समितिको पदाधिकारी तथा सदस्यले उम्मेदवारी दिँदा आवश्यक कागजात, शुल्क, प्रस्तावक, समर्थकको पत्र लगायत प्रिन्ट भए अनिवार्य कम्तीमा १ प्रति प्रकाशित पुस्तक वा गीति एल्बम भएमा २ प्रति कृति अनिवार्य उम्मेदवारी फारामसँगै पेश गर्नुपर्नेछ ।
१३. बाँकी निर्वाचन आयोगले व्यवस्था गरे अनुसार हुनेछ ।

## विश्व नेपाली साहित्य महासङ्घको
वार्षिक कार्यक्रम पात्रो

समय अनुकूल, स्थान अनुकूल निम्न अवसरमा विभिन्न साहित्यिक कार्यक्रम**हरू** गर्न प्रोत्साहित गरिन्छ ।

१. आदिकवि भानुभक्त आचार्य जयन्ती, असार २९ गते
२. महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्ती, कार्तिक २७ गते
३. युवाकवि मोतिराम भट्ट जयन्ती, भाद्र २३ (१९२३-१९५३)
४. युगकवि सिद्धिचरण श्रेष्ठ जयन्ती, जेठ ९ (१९६९-२०४९)
५. भूपि शेरचन जयन्ती, पुस ... (१९९२-२०४६)
६. युद्धप्रसाद मिश्र जयन्ती, पुस ... (१९६४-२०४७)
७. वि. सं. नयाँ वर्ष, वैशाख १ गते
८. गणतन्त्र दिवस, जेठ १५ गते
९. प्रजातन्त्र दिवस, फागुन ७ गते
१०. सरस्वती (श्रीपञ्चमी) पूजा
११. विष्णु कुमारी वाइबा (पारिजात) जयन्ती, वैशाख ५ गते
१२. फाल्गुनन्द लिङदेन जयन्ती, कार्तिक २५ गते
१३. सन्तवीर लामा जयन्ती ,,
१४. इमानसिं चेम्जोङ जयन्ती, पुस १७ गते
१५. हरीभक्त कटुवाल जयन्ती (१९९२-२०३७)
१६. अगमसिंहं गिरी जयन्ती, जुलाई २७ (१९८६-२०२७)
१७. पदमसिंहं सुब्बा 'अपतन' जयन्ती, सेप्टेम्बर ११, १९२३
१८. मगर भाषाका आदिकवि जितबहादुर सिञ्जाली जन्मदिवस
१९. गुरुङ भाषाको आदिकवि हर्क गुरुङ जयन्ती
२०. मैथिली भाषाका महाकवि विद्यापति ठाकुर जयन्ती (१४०७-१४९६)
२०. भोजपुरी भाषाका महाकवि भिखारी ठाकुर जयन्ती
२१. नेवारी भाषाका महाकवि/कविकेशरी चित्तधर हृदय जयन्ती, जेठ ५ (१९६३-२०३९)
२२. बुद्ध जयन्ती/उभौली, जेठ १३ गते
२३. साहित्यिक सहिद कृष्णलाल अधिकारी जयन्ती, माघ शुक्ल एकादशी (१९४४-१९९०)
२४. विश्व नेपाली साहित्य महासङ्घ स्थापना दिवस, जुलाई १३
२५. लैनसिंह बाङ्देल ..(१९८१-२०६१)
२६. ईश्वर बल्लभ ...(१९९४-२०६४)
२७. रमेश विकल ...(१९८५- )
२८. विश्व साहित्य दिवस (विश्व पुस्तक तथा प्रतिलिपि अधिकार) २३ अप्रिल
२९. विश्व कविता दिवस २१ मार्च
३०. कथा दिवस १९ चैत्र

३१. पुस्तकालय दिवस १५ भाद्र
३२. अन्य

यहाँ उल्लेखित बाहेक कुनै पनि अवसर आफैले छनौट गर्न सक्नुहुने छ। समग्र नेपाली साहित्यमा विशेष महत्व राख्नुहुने मध्ये राष्ट्रले समेत हुलाक टिकट प्रकाशन लगायत मान्यता प्रदान गरेका केही अंग्रज साहित्यकार**हरू**को जन्मदिन वा अवसर मात्र छनौट गरिएको हो।


**हार्दिक आभार तथा धन्यवाद**

**विधान मस्यौदा, शसोधन नं. २५ पछिमात्र यो पूर्ण र अन्तिम विधान तयार भएको छ। विधान निर्माणको लागि सल्लाह, सुझाव दिएर, प्रश्नहरू सोध्नु भएर, सहयोगको आग्रह गर्दा उचित विचार र विकल्प दिनुभई सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ।**

**खुल्ला प्रकृया अपनाइएको यस विधान निर्माण कार्यमा सहभागी महानुभावहरु यसप्रकार रहनु भएको छ।**

१. विक्रम सुब्बा (काठमाडौँ), २. डा. मधु माधुर्य (रसिया), ३. इन्द्र नारथुङ्गे (मलेसिया), ४. पी. एस. लिम्बु निश्चल (यु.ए.ई.), ४. प्रदिप थापामगर (अमेरिका), ५. सुरेन्द्र लिम्बु (लेबनान), ५. प्रकाश सुनुवार (बेलायत), ६. डा. गोविन्दराज भट्टराई (कीर्तिपुर), ७. भोला शिवाकोटी पुरानोघरे ( अमेरिका), ८. शर्मिला खड्का (काठमाडौँ), ९. गोविन्द गिरी प्रेरणा (अमेरिका), ११. मुरारीराज शर्मा (बेलायत), १२. सुरेन्द्र इङनाम (ब्रुनाई), १३. भोजराज बराल (बेलायत), १४. रामप्रसाद लिम्बु, ( ब्रुनाई) र १५. शुद्धाशुद्धि हेरीदिनुहुने प्राज्ञ अमर तुम्याहाङ (भक्तपुर) आदि रहनु भएको छ।


विधानभित्र कुनै गल्ती, अस्पष्ट, अपूर्ण भेट्नु भएमा हामीलाई जानकारी गराउन अनुरोध गर्दछौँ। महासङ्घको भेलाले थप्ने, हटाउने वा सुधार गर्नेछ।


इमेल:
gfnl@ymail.com

इस्काइपी (skype.com)
**User:** nepaliliterature

फेसबुक: gfnl

वेभपेज:
www.gfnl.org




संयोजक
विधान निर्माण समिति